south dakota
DEPARTMENT OF EDUCATION
Learning. Leadership. Service.

संशोधित 2023



SOUTH DAKOTA

# Parental Rights and Procedural Safeguards

**विशेष शिक्षाका लागि तपाईंको स्कुल डिस्ट्रिक्ट सम्पर्क**

**डिस्ट्रिक्ट:** *कृपया यस बाकसमा निम्न जानकारी थप्नुहोस् वा यहाँ स्टिकर राख्नुहोस् ।*
**स्कुल डिस्ट्रिक्ट:**
**फोन नम्बर:**
**इमेल ठेगाना:**

बच्चालाई हुर्काउँदा अभिभावकका सबैभन्दा महत्त्वपूर्ण जिम्मेवारीहरूमध्ये एक भनेको शिक्षा हो । 3-21 वर्षका विद्यार्थीहरुका लागि ***विशेष शिक्षा*** सेवाहरू अपाङ्गताको कारणले गर्दा सिकाइमा कठिनाइ भइरहेका बच्चाहरूका अभिभावकहरूका लागि विकल्पको रूपमा उपलब्ध हुन सक्छ । यदि तपाईंले आफ्नो बच्चालाई शैक्षिक, सामाजिक वा भावनात्मक रूपमा कठिनाइ भइरहेको देख्नुभयो भने आफ्नो बच्चालाई मद्दत गर्नका निम्ति तरिकाहरू निर्धारण गर्नका लागि तपाईंलाई स्कुलका कर्मचारीहरूसँग मिलेर काम गर्न प्रोत्साहित गरिन्छ । स्कुलमा कठिनाइ हुने सबै बच्चाहरू विशेष शिक्षा सेवाहरूका लागि योग्य हुँदैनन् ।

यस कागजातको उद्देश्य भनेको साउथ डकोटामा ***अपाङ्गता भएको बच्चा***को अभिभावकको रूपमा तपाईंका अधिकारहरूका सम्बन्धमा तपाईंलाई आधारभूत जानकारी उपलब्ध गराउनु हो । कृपया यसलाई ध्यानपूर्वक पढ्नुहोस् । यदि तपाईंका प्रश्नहरू छन् वा तपाईंलाई राज्यका विशेष शिक्षाका नियमहरू बुझ्नमा मद्दत आवश्यक पर्छ भने यस कागजातको अन्तमा सूचिकृत कुनै पनि संस्थाहरू, आफ्नो स्थानीय स्कुल डिस्ट्रिक्टका सुपरिटेन्डेन्ट वा तोकिएको प्रतिनिधिलाई सम्पर्क गर्नुहोस् ।

***अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन (Individuals with Disabilities Education Act, IDEA)*** भनेको विशेष शिक्षा सेवाहरू उपलब्ध गराउन आवश्यक गराउने र स्कुलहरूले पालना गर्नैपर्ने कार्यविधिहरू स्पष्ट रूपमा तोक्ने सङ्घीय कानुन हो । राज्यको कानुनमा पनि विशेष शिक्षाका विद्यार्थीहरूलाई सेवाहरू उपलब्ध गराउनका लागि आवश्यकताहरू समावेश हुन्छ । यदि तपाईं IDEA अन्तर्गतको अपाङ्गता भएको बच्चाको अभिभावक हुनुहुन्छ भने यो हातेपुस्तिका प्रक्रियागत सुरक्षाहरूको तपाईंको सूचना हो र यसले तपाईंलाई विशेष शिक्षाका सिद्धान्त तथा आवश्यकताहरूलाई वर्णन गर्छ ।

***** यस कागजातभरि मोटा अक्षरमा लेखिएका शब्दहरू अन्तिममा संक्षिप्त शब्द तथा परिभाषाहरूको पृष्ठमा प्राप्त गर्न सकिन्छ ।***

अपाङ्गता भएको बच्चाको अभिभावकको रूपमा तपाईंलाई उपलब्ध हुने अभिभावकीय अधिकारहरूलाई यस कागजातमा वर्णन गरिएको छ र तिनीहरूलाई साउथ डकोटाको विशेष शिक्षासम्बन्धी ***साउथ डकोटाका प्रशासनिक नियमहरू (ARSD)***, धारा 24:05 मा पनि समावेश गरिएको छ । उपयुक्त भएअनुसार प्रशासनिक नियमहरूका निर्दिष्ट उद्धरणहरू सूचिकृत गरिन्छ । यी प्रक्रियागत सुरक्षाहरूलाई IDEA अन्तर्गत अनिवार्य गराइएकोले IDEA को भाग B (34 CFR Part 300) का निर्दिष्ट नियामक उद्धरणहरूलाई अतिरिक्त सन्दर्भ बिन्दुको रूपमा यस कागजातभरि नै उपलब्ध गराइएका छन् ।

यसलाई साउथ डकोटा राज्यको कानुन र सङ्घीय कानुनको IDEA को ***भाग B*** (34 ***CFR*** Part 300) मा भएका विशेष शिक्षा प्रावधानहरूको सारांशको रूपमा राखिएको छ । लागू हुने सही अर्थका लागि कृपया वैधानिक र नियामक प्रावधानहरू हेर्नुहोस् ।

## स्रोतसाधनहरू

| SD शिक्षा विभाग | SD प्यारेन्ट कनेक्ट | SD को अपाङ्गता अधिकारहरू |
|---|---|---|
| **SD Department of Education**<br>Special Education Programs<br>800 Governors Drive<br>Pierre, SD 57501-2294<br>भ्वाइस - (605) 773-3678<br>फ्याक्स - (605) 773-3782<br>https://doe.sd.gov/sped/ | **SD Parent Connection**<br>3701 W. 49th Street, Suite 102<br>Sioux Falls, SD 57106<br>1-800-640-4553<br>www.sdparent.org | **Disability Rights of South Dakota**<br>2520 East Franklin<br>Pierre, SD 57501<br>1-800-658-4782 (भ्वाइस/TTY) वा<br>(605) 224-8294<br>https://drsdlaw.org/ |

# विषय सूची


सामान्य जानकारी ..... 5
प्रक्रियागत सुरक्षाको सूचनाको उपलब्धता ..... 5
अभिभावकको सहभागिता ..... 5
अभिभावकीय सहमति ..... 6
अभिभावकको परिभाषा ..... 6
प्रारम्भिक मूल्याङ्कनका लागि सहमति ..... 6
राज्यद्वारा संरक्षण गरिएको आश्रित व्यक्ति (वार्ड) को परिभाषा ..... 7
सरोगेट अभिभावकको परिभाषा ..... 7
सेवाहरूका लागि सहमति ..... 7
पुनर्मूल्याङ्कनका लागि सहमति ..... 8
सहमतिसम्बन्धी अन्य आवश्यकताहरू ..... 8
पूर्व लिखित सूचना ..... 9
स्वतन्त्र शैक्षिक मूल्याङ्कन ..... 10
शैक्षिक रेकर्डहरू ..... 11
शैक्षिक रेकर्डहरू ..... 11
जानकारीको गोपनीयता र शैक्षिक रेकर्डहरूमा पहुँच ..... 11
गोप्य जानकारी र त्यसमा पहुँचका बारेमा अभिभावकहरूलाई सूचना ..... 11
अभिभावकको अनुरोधमा रेकर्डहरूमा संशोधन ..... 15
कानुन कार्यान्वयन गराउने तथा न्यायिक निकायहरूमा रेफरल र उनीहरूको कार्यवाही र रेकर्डहरूको प्रसारण . 16
बालबालिकालाई आफ्ना अभिभावकहरूद्वारा निजी स्कुलमा स्थापन (प्लेसमेन्ट) ..... 16
यदि FAPE चिन्ताको कुरा होइन भने अभिभावकहरूद्वारा निजी स्कुलहरूमा राखिएका बालबालिका ..... 16
यदि FAPE चिन्ताको कुरा हो भने अभिभावकहरूद्वारा निजी स्कुलहरूमा राखिएका बालबालिका ..... 17
अपाङ्गता भएका विद्यार्थीहरूको अनुशासनात्मक कार्यवाही ..... 18
अपाङ्गता भएका विद्यार्थीहरूको अनुशासनात्मक कार्यवाही ..... 18
अनुशासनात्मक कार्यवाहीले गर्दा हुने स्थापनमा परिवर्तन ..... 19
प्रकटीकरण निर्धारण र सम्भावित परिणामहरू ..... 19
विशेष परिस्थिति र सम्भावित परिणामहरू ..... 20
अपाङ्गता भएका विद्यार्थीहरूको अनुशासनात्मक कार्यवाहीको सम्बन्धमा उचित प्रक्रिया सुनुवाइ उजुरी ..... 21
योग्य नरहेका भनेर निर्धारण गरिएका बालबालिकाका लागि संरक्षणहरू ..... 22
राज्य विवाद समाधान प्रक्रियाहरू ..... 23

लिखित राज्य उजुरीहरू ... 23
मध्यस्थताहरू ... 25
उचित प्रक्रिया सुनुवाइ उजुरी ... 26
निष्पक्ष उचित प्रक्रिया सुनुवाइ ... 26
सुनुवाइका अधिकारहरू - ARSD 24:05:30:12 ... 27
जानकारीको थप खुलासा - ARSD 24:05:30:12.01 ... 28
सुनुवाइमा अभिभावकका अधिकारहरू ... 28
सुनुवाइका निर्णयहरू - ARSD 24:05:30:10.01 ... 28
निष्पक्ष सुनुवाइ अधिकारी - ARSD 24:05:30:10 ... 28
सुनुवाइका समयसीमाहरू ... 29
कार्यवाहीको दौरान मेरो बच्चाको स्थिति ("स्थिर रहने") - 34 CFR 300.518; ARSD24:05:30:14 ... 29
उजुरीको पर्याप्तता - ARSD 24:05:30:08.04 ... 30
अभिभावकद्वारा दर्ता गराएको उचित प्रक्रिया सुनुवाइ उजुरीमा डिस्ट्रिक्टको जवाफ ... 30
उचित प्रक्रिया सुनुवाइ उजुरीमा अर्को पक्षको जवाफ ... 31
समाधान बैठक - 34 CFR 300.510; ARSD 24:05:30:08.12 ... 31
30-दिने समाधान अवधि ... 31
30-दिने समाधान अवधिमा समायोजन - ARSD 24:05:30:08.14 ... 32
लिखित मिलापत्र सम्झौता - ARSD 24:05:30:08.15 ... 32
उचित प्रक्रिया सुनुवाइका विषयवस्तु - ARSD 24:05:30:09.05 ... 32
निर्णयको अन्तिमता ... 33
देवानी मुद्दाहरू - 34 CFR 300.516; ARSD 24:05:30:11 ... 33
अटर्नीका शुल्कहरू - 34 CFR 300.517; ARSD 24:05:30:11.01 ... 33
सल्लाहकार समिति र सर्वसाधारणका लागि निष्कर्ष र निर्णयहरू ... 34
अभिभावकीय अधिकारहरूको स्थानान्तरण ... 35
बालिग उमेरको भएपछि अभिभावकीय अधिकारहरूको स्थानान्तरण ... 35
संक्षिप्त शब्द र परिभाषाहरू ... 36

# सामान्य जानकारी

## प्रक्रियागत सुरक्षाको सूचनाको उपलब्धता

34 CFR 300.504(a) & (b); ARSD 24:05:30:06.01

अपाङ्गता भएको बच्चाको अभिभावक तपाईंलाई प्रक्रियागत सुरक्षाको सूचना प्रत्येक शैक्षिक वर्षमा कम्तीमा पनि एकपटक अनिवार्य रूपमा दिइनुपर्छ । निम्न अवस्थाहरूमा तपाईंलाई पनि अनिवार्य रूपमा त्यसको प्रति दिइनुपर्छ:

1. आफ्नो बच्चाको मूल्याङ्कनका लागि प्रारम्भिक रेफरल वा तपाईंद्वारा अनुरोध गरिएपश्चात्;
2. तपाईंद्वारा अनुरोध गरिएपश्चात्;
3. तपाईंको बच्चाको स्थापन (प्लेसमेन्ट) परिवर्तन हुनेगरी तपाईंको बच्चामाथि अनुशासनात्मक कार्यवाही गरिँदा;
4. तपाईंले शैक्षिक वर्षमा राज्यस्तरीय उजुरी वा ***उचित प्रक्रिया*** सुनुवाइ उजुरी पहिलोपटक दर्ता गराइसकेपछि ।

प्रक्रियागत सुरक्षाको सूचनाको प्रति स्कुल डिस्ट्रिक्टको वेबसाइटमा पनि पोस्ट गरिएको हुन सक्छ ।

प्रक्रियागत सुरक्षाहरू के हुन् ?

- प्रक्रियागत सुरक्षाहरूले तपाईंले स्कुलसँग कसरी अन्तरक्रिया गर्नुहुन्छ भन्ने बारेमा नियमहरूको व्यवस्था गर्छन् ।
- सबैभन्दा महत्त्वपूर्ण प्रक्रियागत सुरक्षाहरू मध्येको एक भनेको आफ्नो बच्चाको शिक्षामा सहभागी हुने अधिकार हो ।
- यदि तपाईं स्कुलको निर्णयसँग सहमत हुनुहुन्न भने तपाईंसँग उचित प्रक्रियालगायत विवाद समाधानका विभिन्न विकल्पहरू हुन्छन् (पृष्ठ 29 हेर्नुहोस्) ।

## अभिभावकको सहभागिता

34 CFR 300.322; ARSD 24:05:25:16

"***सहभागिता***" भनेको तपाईंलाई निर्णय लिन र IEP टोली बैठकमा उपस्थित हुनका लागि सहभागी हुने अवसर उपलब्ध गराइएको छ भन्ने हुन्छ । आपसी सहमतिमा समय निर्धारित गरेर अभिभावकहरू उपस्थित हुन सक्नुहोस् भन्नका लागि डिस्ट्रिक्टले पर्याप्त समय पहिले सूचना उपलब्ध गराउने गर्छ ।

- अभिभावकहरूसँग आफ्नो बच्चाको मूल्याङ्कन, पहिचान, शैक्षिक स्थापन र नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) को प्रावधानसँग सम्बन्धित बैठकहरूमा सहभागी हुने अधिकार हुन्छ ।
- अभिभावकहरूसँग आवश्यकता अनुसार IEP पुनरावलोकन र समीक्षा गर्नका लागि कुनै पनि समय IEP बैठक अनुरोध गर्ने अधिकार हुन्छ ।

**IEP टोली**

ARSD 24:05:27:01.01

हरेक स्कुल डिस्ट्रिक्टले अपाङ्गता भएका हरेक विद्यार्थीका लागि IEP टोलीमा निम्न सदस्यहरू सम्मिलित हुन्छन् भनेर सुनिश्चित गर्नेछ:

(1) विद्यार्थीका अभिभावकहरू;

(2) यदि विद्यार्थी नियमित शिक्षा वातावरणमा सहभागी हुँदैछन् वा हुन सक्नेछन् भने विद्यार्थीको एकभन्दा कम नहुने नियमित शिक्षा शिक्षक;

(3) विद्यार्थीको एकभन्दा कम नहुने विशेष शिक्षा शिक्षक वा, उपयुक्त नभएमा, विद्यार्थीको कम्तीमा पनि एक विशेष शिक्षा प्रदायक;

(4) स्कुल डिस्ट्रिक्टको प्रतिनिधि जो:
(क) अपाङ्गताहरू भएका विद्यार्थीहरूका विशिष्ट आवश्यकताहरू पूरा गर्नका लागि विशेष रूपमा तयार गरिएको शिक्षण उपलब्ध गराउन वा त्यस्तो शिक्षणको व्यवस्था सुपरिवेक्षण गर्नका लागि योग्य हुनुहुन्छ;
(ख) सामान्य शिक्षा पाठ्यक्रमका बारेमा जानकार हुनुहुन्छ; र
(ग) स्कुल डिस्ट्रिक्टका स्रोतसाधनहरूको उपलब्धताका बारेमा जानकार हुनुहुन्छ;

(5) यस खण्डको उपखण्ड 2 देखि 6 सम्म वर्णन गरिएका टोलीको सदस्य हुन सक्ने व्यक्ति जसले मूल्याङ्कनका नतिजाहरूका शैक्षिणक प्रभावहरूलाई व्याख्या गर्न सक्छन्;

(6) अभिभावक वा स्कुल डिस्ट्रिक्टको स्वविवेकमा उपयुक्त भएअनुसार सम्बन्धित सेवाहरूका कर्मचारीहरूलगायत विद्यार्थीको सम्बन्धमा ज्ञान वा विशेषज्ञता भएका अन्य व्यक्तिहरू;

(7) उपयुक्त भएमा विद्यार्थी; र

(8) §§ 24:05:25:16.01 र 24:05:25:16.02 मा वर्णन गरिएअनुसार ट्रान्जिसन सेवाहरूका सहभागीहरू ।

यस खण्डमा वर्णन गरिएको कुनै व्यक्तिको ज्ञान वा विशेष शिक्षा विशेषज्ञताको निर्धारण पक्ष (अभिभावकहरू वा डिस्ट्रिक्ट) द्वारा गरिनेछ जसले सो व्यक्तिलाई IEP टोलीको सदस्य हुन निमन्त्रणा गरेको हो । डिस्ट्रिक्टले

## अभिभावकीय सहमति

34 CFR 300.9; ARSD 24:05:25:02.01, 24:05:25:02.02

"***सहमति***" भनेको तपाईंले वर्णन गरिएको क्रियाकलाप बुझ्नका निम्ति सबै आवश्यक जानकारी प्राप्त गर्नुभएको छ र तपाईंले सो क्रियाकलाप पूरा गर्न लिखितमा सहमति जनाउनुभएको छ भन्ने हुन्छ । यस तरिकाले तपाईंले आफ्नो अनुमति दिन सक्नुहुन्छ । जानकारी अनिवार्य रूपमा तपाईंको मूल भाषा वा सञ्चारको विधिमा उपलब्ध गराइनुपर्छ । यदि तपाईंको सहमति अनुरोध गरिएको क्रियाकलापमा तपाईंको बच्चाका रेकर्डहरू साझा गर्ने कार्य पर्दछ भने कुन-कुन रेकर्डहरू साझा गरिनेछ र ती रेकर्डहरू को-कोसँग साझा गर्न सकिनेछ भन्ने बारेमा तपाईंलाई सूचित गरिनेछ । तपाईंको सहमति ऐच्छिक हुन्छ र तपाईंले यसलाई कुनै पनि समय रद्द गर्न सक्नुहुन्छ ।

यदि तपाईंले सहमतिलाई रद्द गर्नुभयो भने त्यो भविष्यका क्रियाकलापहरूमा मात्र लागू हुन्छ र पहिले नै भइसकेका क्रियाकलापहरूमा त्यो लागू हुँदैन । यदि तपाईंले तपाईंको बच्चाले विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गर्न सुरु गरिसकेपछि तपाईंको बच्चाले विशेष शिक्षा तथा ***सम्बन्धित सेवाहरू*** प्राप्त गर्नबाट रोक्न लिखितमा सहमति रद्द गर्नुभयो भने तपाईंले सहमति रद्द गर्नुभन्दा पहिले तपाईंको बच्चाले प्राप्त गरेका विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूका बारेमा तपाईंको बच्चाको शैक्षिक रेकर्डहरूबाट कुनै पनि जानकारी हटाउनका लागि स्कुल डिस्ट्रिक्टलाई अनिवार्य हुँदैन । तपाईंले स्कुल डिस्ट्रिक्टलाई आफ्नो सहमति रद्द गर्न (फिर्ता लिन) का लागि लिखित जानकारी दिइसकेपछि स्कुल डिस्ट्रिक्ट अनिवार्य रूपमा तपाईंलाई पूर्व लिखित सूचना दिनुपर्छ र त्यसपछि तपाईंको बच्चाका लागि विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू बन्द गर्नुपर्छ ।

### प्रारम्भिक मूल्याङ्कनका लागि सहमति

34 CFR 300.300(a); 34 CFR 300.45; ARSD 24:05:25:02.01; ARSD 24:05:15:06

तपाईंको स्कुल डिस्ट्रिक्ट तपाईंको बच्चा IDEA को भाग B अन्तर्गत विशेष शिक्षा तथा सम्बन्धित प्राप्त गर्नका लागि योग्य छन् कि छैनन् भनेर निर्धारण गर्नका लागि तपाईंको बच्चाको प्रारम्भिक मूल्याङ्कन सुरु गर्नुभन्दा पहिले अनिवार्य रूपमा लिखितमा सूचना उपलब्ध गराउनुपर्छ र तपाईंको सहमति प्राप्त गर्नुपर्छ ।

1. तपाईंको स्कुल डिस्ट्रिक्टले प्रारम्भिक मूल्याङ्कनका लागि तपाईं सुसूचित सहमति प्राप्त गर्नका निम्ति अनिवार्य रूपमा मनासिब प्रयासहरू गर्नुपर्छ ।
2. प्रारम्भिक मूल्याङ्कनका लागि तपाईंको सहमतिको अर्थ तपाईंले आफ्नो बच्चाका लागि विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूमा सहमति जनाउनुभएको छ भन्ने होइन ।
3. यदि तपाईं बच्चा सार्वजनिक स्कुलमा भर्ना भएका छन् वा भर्ना हुने प्रेस गरिरहेका छन् र तपाईंले प्रारम्भिक मूल्याङ्कनका लागि सहमति प्रदान गर्न अस्वीकार गर्नुभयो वा प्रारम्भिक मूल्याङ्कनका लागि सहमतिका निम्ति गरिएको अनुरोधको जवाफ दिनुभएन भने तपाईंको बच्चाको प्रारम्भिक मूल्याङ्कनका लागि तपाईंको सहमतिको कमीलाई सम्बोधन गर्नका लागि तपाईंको स्कुल डिस्ट्रिक्टले IDEA विवाद समाधान प्रक्रियाहरू (अर्थात् मध्यस्थता, उचित प्रक्रिया उजुरी) प्रयोग गर्न सक्छ तर प्रयोग गर्नैपर्छ भन्ने हुँदैन ।

यस खण्डमा आवश्यकताहरू पूरा गरिएका छन् भने IEP टोलीको अर्को डिस्ट्रिक्ट सदस्यलाई डिस्ट्रिक्ट प्रतिनिधिको रूपमा पनि काम गर्नका लागि तोक्न सकिनेछ ।

#### मूल भाषा

34 CFR 300.29

(क) अंग्रेजी भाषामा सीमित निपुणता भएको व्यक्तिको सम्बन्धमा प्रयोग गरिँदा मूल भाषाले निम्न जनाउँछ:

यस खण्डको अनुच्छेद (a)(2) मा उपलब्ध गराइएको बाहेक उक्त व्यक्तिद्वारा सामान्यतया प्रयोग गरिने भाषा वा बच्चाको हकमा अभिभावकहरूद्वारा सामान्यतया प्रयोग गरिने भाषा ।

बच्चासँग हुने सबै प्रत्यक्ष सम्पर्कमा (बच्चाको मूल्याङ्कनसहित) बच्चाद्वारा घर वा सिकाइ वातावरणमा सामान्यतया प्रयोग गरिने भाषा ।

(ख) बहिरा वा अन्धो व्यक्तिका लागि अथवा कुनै पनि लिखित भाषा नभएको व्यक्तिका लागि सञ्चारको विधि भनेको सो व्यक्तिले सामान्यतया प्रयोग गर्ने विधि हुन्छ (जस्तै कि साङ्केतिक भाषा, ब्रेल वा मौखिक सञ्चार) ।

#### अभिभावकको परिभाषा

34 CFR 300.30; ARSD 24:05:13:04

1. बच्चाको जैविक वा धर्मसन्तान राख्ने आमाबुबा (अभिभावक);
2. राज्यको कानुन, नियम वा करारद्वारा बन्देज नलगाएको भएसम्म पालनपोषण गर्ने अभिभावक;
3. अदालतद्वारा नियुक्त गरिएको र बच्चाको अभिभावकको रूपमा काम गर्न वा बच्चाका निम्ति शैक्षिक निर्णयहरू लिनका लागि अनुमति प्रदान गरिएको संरक्षक;
4. जैविक वा धर्मसन्तान राख्ने आमाबुबा (हजुरबुबा, हजुरआमा, सौतेलो आमाबुबा वा अन्य नातेदारसहित) को अनुपस्थितिमा अभिभावकको रूपमा काम गर्ने व्यक्ति जोसँग बच्चासँगै बस्ने गर्छन् वा बच्चाको कल्याणका लागि कानुनी रूपमा जिम्मेवार व्यक्ति;
5. विशेष शिक्षा नियमहरूअनुसार नियुक्त गरिएका सरोगेट अभिभावक; **वा**
6. अदालतले बच्चाको "अभिभावक" को रूपमा कार्य गर्न वा बच्चाको तर्फबाट शैक्षिक निर्णयहरू लिनका लागि आदेश दिएको निर्दिष्ट व्यक्ति वा व्यक्तिहरू ।

4. यदि तपाईंको स्कुल डिस्ट्रिक्टले IDEA विवाद समाधान प्रक्रियाहरू (अर्थात् मध्यस्थता, उचित प्रक्रिया उजुरी) मार्फत मूल्याङ्कन अनुरोध नगरेको भएमा यो तपाईंको बच्चालाई पत्ता लगाउन, पहिचान गर्न र मूल्याङ्कन गर्नका लागि बच्चा भेटाउने आफ्नो दायित्वहरू वा अभिभावकीय सहमति, मूल्याङ्कन र पुनर्मूल्याङ्कनसम्बन्धी आवश्यकताहरूको उल्लङ्घन हुने छैन ।

यदि बच्चा राज्यद्वारा संरक्षण गरिएको आश्रित व्यक्ति हुन् र आफ्नो अभिभावकसँग बसोबास गर्दैनन्/गर्दिनन् भने निम्न अवस्थाहरूमा स्कुल डिस्ट्रिक्टलाई बच्चा अपाङ्गता भएको बच्चा हुन् कि होइनन् भनेर निर्धारण गर्नका निम्ति प्रारम्भिक मूल्याङ्कनका लागि अभिभावकको सहमति आवश्यक पर्दैन:

1. स्कुल डिस्ट्रिक्टले अभिभावकको ठेगाना पत्ता लगाउन मनासिब प्रयासहरू गरिसकेपछि अभिभावकको ठेगाना पत्ता लगाउन सकेको छैन;
2. राज्यको कानुनअनुसार अभिभावकीय अधिकारहरू समाप्त गरिएका छन्; **वा**
3. न्यायाधीशले प्रारम्भिक मूल्याङ्कनका लागि सहमतिलगायत शैक्षिक निर्णयहरू लिने अधिकार अभिभावकबाहेक अर्को व्यक्तिलाई तोक्नुभएको छ र सो व्यक्तिले सहमति प्रदान गर्नुभएको छ ।

## सेवाहरूका लागि सहमति

34 CFR 300.300(b)

तपाईंको बच्चालाई पहिलोपटक विशेष शिक्षा उपलब्ध गराउनुभन्दा पहिले तपाईंको स्कुल डिस्ट्रिक्टसँग अनिवार्य रूपमा तपाईंको अनुमति हुनुपर्छ ।

1) तपाईंको बच्चालाई **पहिलोपटक** विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू उपलब्ध गराउनुभन्दा पहिले तपाईंको स्कुल डिस्ट्रिक्टले तपाईंको सुसूचित सहमति प्राप्त गर्नका लागि अनिवार्य रूपमा मनासिब प्रयासहरू गर्नुपर्छ ।
2) यदि तपाईंले तपाईंको बच्चाले पहिलोपटक विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गर्नका लागि सहमतिका निम्ति गरिएको अनुरोधको जवाफ दिनुभएन वा तपाईंले उक्त सहमति दिन अस्वीकार गर्नुभयो वा पछि लिखितमा आफ्नो सहमति रद्द गर्नुभयो भने तपाईंको स्कुल डिस्ट्रिक्टले तपाईंको बच्चालाई उपलब्ध गराइनुपर्ने विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूका लागि तपाईंको सहमतिको कमीलाई रद्द गराउनका निम्ति IDEA विवाद समाधान प्रक्रियाहरू (अर्थात् मध्यस्थता, उचित प्रक्रिया उजुरी) प्रयोग **नगर्न सक्छ** ।
3) यदि तपाईंले तपाईंको बच्चाले पहिलोपटक विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गर्नका लागि आफ्नो सहमति दिन अस्वीकार गर्नुभयो, सहमतिका निम्ति गरिएको अनुरोधको जवाफ दिन असफल हुनुभयो र स्कुल डिस्ट्रिक्टले तपाईंको बच्चालाई विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू उपलब्ध गराउन बन्द गर्छ भने तपाईंको स्कुल डिस्ट्रिक्टले:

यदि तपाईं आफ्नो बच्चाको जैविक वा धर्मसन्तान राख्ने आमा वा बुबा हुनुहुन्छ भने तपाईंसँग आफ्नो बच्चाका लागि शैक्षिक निर्णयहरू लिन कानुनी अधिकार नभएको नहुँदासम्म तपाईंलाई अभिभावक मानिनेछ ।

यदि बच्चा राज्यद्वारा संरक्षण गरिएको आश्रित व्यक्ति (वार्ड) हुन् भने राज्य अभिभावक हुन सक्दैनन् ।

### राज्यद्वारा संरक्षण गरिएको आश्रित व्यक्ति (वार्ड) को परिभाषा

34 CFR 300.45; ARSD 24:05:13:01

IDEA मा प्रयोग गरिएअनुसार ***राज्यद्वारा संरक्षण गरिएको आश्रित व्यक्ति (वार्ड)*** भनेको निम्न बच्चा हो:

1. पालनपोषण गरिएको अर्थात् फोस्टर बच्चा;
2. राज्यको कानुनअन्तर्गत राज्यद्वारा संरक्षण गरिएको आश्रित व्यक्ति (वार्ड) मानिएको; **वा**
3. सार्वजनिक बाल कल्याण निकायको संरक्षकत्व जिम्मामा रहेको ।

**निम्न बाहेक:** राज्यद्वारा संरक्षण गरिएको आश्रित व्यक्ति (वार्ड) मा अभिभावकको परिभाषा पूरा गर्ने पालनपोषण गर्ने अभिभावक भएको पालनपोषण गरिएको अर्थात् फोस्टर बच्चा पर्दैन ।

### सरोगेट अभिभावकको परिभाषा

34 CFR 300.519; ARSD 24:05:30:15

यदि § 24:05:13:04 मा परिभाषित गरिएअनुसार कुनै पनि अभिभावकको पहिचान गर्न सकिएन, मनासिब प्रयास पछि पनि स्कुल डिस्ट्रिक्टले अभिभावक पत्ता लगाउन सकेन वा बच्चा राज्यको कानुनअन्तर्गत राज्यद्वारा संरक्षण गरिएको आश्रित व्यक्ति (वार्ड) हो वा जनवरी 1, 2009 मा संशोधन गरिएअनुसार बच्चा म्याककिनी-भेन्टो घरवारविहीन सहयोग ऐनको दफा 725(6) मा परिभाषित गरिएअनुसार एकल घरवारविहीन बच्चा हो भने प्रत्येक स्कुल डिस्ट्रिक्टले बच्चाका अधिकारहरू संरक्षित गरिएका छन् भनेर सुनिश्चित गर्नका लागि सरोगेट अभिभावकको नियुक्तिका लागि प्रक्रियाहरू स्थापित गर्नेछ । बच्चालाई सरोगेट अभिभावक आवश्यक पर्छ कि पर्दैन भनेर निर्धारण गर्नका लागि डिस्ट्रिक्टको विधिमा अनिवार्य रूपमा निम्न समावेश हुनुपर्छ:

(1) बच्चालाई सरोगेट अभिभावकको आवश्यकता रेफर गराउने पठाउनका लागि जिम्मेवार डिस्ट्रिक्ट वा स्कुल स्तरका कर्मचारीहरूको पहिचान;

(2) बच्चालाई सरोगेट अभिभावक आवश्यक पर्छ कि पर्दैन भनेर निर्धारण गर्नका लागि यस खण्डमा मापदण्डमा सेवाकालीन तालिमको प्रावधान; र

(3) सरोगेट अभिभावकको नियुक्तिका लागि डिस्ट्रिक्टभित्र रेफरल प्रणालीको स्थापना ।

(a) यी सेवाहरू तपाईंको बच्चालाई उपलब्ध गराउन असफल भएको कारणले गर्दा तपाईंको बच्चालाई ***निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE)*** उपलब्ध गराउनुपर्ने आवश्यकता उल्लङ्घन गरेको हुँदैन; **र**

(b) विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू निर्धारण गर्नका निम्ति तपाईंका बच्चाका लागि ***व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP)*** बैठक बोलाउन वा IEP निर्माण गर्न आवश्यक हुँदैन ।

यदि तपाईंले तपाईंको बच्चाले पहिले विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गरिसकेपछि लिखितमा आफ्नो सहमति रद्द गर्नुभयो भने स्कुल डिस्ट्रिक्टले **पूर्व लिखित सूचना** शीर्षकअन्तर्गत वर्णन गरिएअनुसार तपाईंलाई अनिवार्य रूपमा पूर्व लिखित सूचना उपलब्ध गराउनुपर्छ र तपाईंलाई पूर्व लिखित सूचना उपलब्ध गराइसकेपछि अनिवार्य रूपमा तपाईंको बच्चाका लागि सेवाहरू रोक्नुपर्छ ।

## पुनर्मूल्याङ्कनका लागि सहमति

34 CFR 300.300(c) and (d); ARSD 24:05:25:06.01

तपाईंको स्कुल डिस्ट्रिक्टले निम्न कुराहरू देखाउन र लिखित प्रमाण पेस गर्न नसक्दासम्म तपाईंको स्कुल डिस्ट्रिक्टले तपाईंको बच्चाको पुनर्मूल्याङ्कन गर्नुभन्दा पहिले अनिवार्य रूपमा तपाईंको सहमति प्राप्त गर्नुपर्छः

1. यसले तपाईंको बच्चाको पुनर्मूल्याङ्कनका लागि तपाईंको सहमति प्राप्त गर्नका लागि मनासिब कदमहरू चलेको थियो; **र**
2. तपाईंले त्यसको जवाफ दिनुभएन ।

प्रारम्भिक मूल्याङ्कनहरूमा जस्तै तपाईंले सहमति दिन अस्वीकार गरेको कारणले तपाईंको स्कुल डिस्ट्रिक्टले पुनर्मूल्याङ्कनलाई अगाडि नबढाउँदा स्कुल डिस्ट्रिक्टले IDEA को भाग B अन्तर्गतको आफ्नो बच्चा पत्ता लगाउने र अन्य दायित्वहरूलाई उल्लङ्घन गर्दैन ।

तपाईंको स्कुल डिस्ट्रिक्टले प्रारम्भिक मूल्याङ्कनहरूका लागि तपाईंको सहमति प्राप्त गर्न, पहिलोपटक विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू उपलब्ध गराउन, पुनर्मूल्याङ्कन गर्न प्रारम्भिक मूल्याङ्कनहरूहरूका लागि राज्यद्वारा संरक्षण गरिएको आश्रित बालबालिका (वार्ड) का अभिभावकहरू पत्ता लगाउन गरिएका मनासिब प्रयासहरूका रेकर्डहरू अनिवार्य रूपमा तयार गरेर राख्नुपर्छ । सो कागजातमा अनिवार्य रूपमा निम्न क्षेत्रहरूमा स्कुल डिस्ट्रिक्टका प्रयासहरूको रेकर्ड समावेश हुनुपर्छः

1. गरिएका टेलिफोन कलहरू वा लगाउन प्रयास गरिएका टेलिफोन कलहरूका विस्तृत रिपोर्टहरू र ती कलहरूका नतिजाहरू;
2. तपाईंलाई पठाइएका पत्राचारका प्रतिलिपिहरू र प्राप्त गरिएका सबै जवाफहरू; **र**
3. तपाईंको घर वा रोजगारीको ठाउँमा गरिएको भेटहरूका विस्तृत रिपोर्टहरू र ती भेटहरूका नतिजाहरू ।

## सहमतिसम्बन्धी अन्य आवश्यकताहरू

34 CFR 300.300(d); ARSD 24:05:25:02.03

तपाईंको सहमति आवश्यक **नपरिकन** तपाईंको स्कुल डिस्ट्रिक्टलेः

1. तपाईंको बच्चाको मूल्याङ्कन वा पुनर्मूल्याङ्कनको हिस्साको रूपला मौजुदा डाटा समीक्षा गर्न सक्नेछ; **वा**
2. परीक्षा वा मूल्याङ्कन दिनुभन्दा पहिले सबै बालबालिकाका सबै अभिभावकहरूबाट सहमति आवश्यक नपर्दासम्म तपाईंको बच्चालाई सबै बालबालिकालाई दिइने परीक्षा वा अन्य मूल्याङ्कन दिन सक्नेछ ।

IDEA को भाग B अन्तर्गत आवश्यक गराए अनुसार बाहेक तपाईंको स्कुल डिस्ट्रिक्टले IDEA अन्तर्गत मूल्याङ्कन वा सेवाहरूका लागि सहमतिमा तपाईंको अस्वीकृतिलाई तपाईं वा तपाईंको बच्चालाई कुनै पनि अन्य सेवा, सुविधा वा क्रियाकलाप अस्वीकार गर्नका लागि प्रयोग नगर्न सक्छ ।

यदि तपाईंले आफ्नै खर्चमा आफ्नो बच्चालाई निजी स्कुलमा भर्ना गराउनुभएको वा आफ्नो बच्चालाई घरमै स्कुल शिक्षा दिइराख्नुभएको छ (होम स्कुलिङ) र तपाईंले आफ्नो बच्चाको प्रारम्भिक मूल्याङ्कन वा पुनर्मूल्याङ्कनका लागि आफ्नो सहमति उपलब्ध गराउनुहुन्न वा तपाईंको सहमति उपलब्ध गराउन गरिएको अनुरोधको जवाफ दिन तपाईं असफल हुनुभयो भने स्कुल डिस्ट्रिक्टले तपाईंको सहमतिको कमीलाई रद्द गराउनका निम्ति IDEA विवाद समाधान प्रक्रियाहरू (अर्थात् मध्यस्थता, उचित प्रक्रिया उजुरी) प्रयोग गर्न सक्दैन । यी परिस्थितिहरूअन्तर्गत तपाईंको स्कुल डिस्ट्रिक्टले तपाईंको बच्चालाई समतामूलक सेवाहरू प्राप्त गर्नका लागि योग्य मान्न आवश्यक हुँदैन (समतामूलक सेवाहरू भनेका अभिभावकद्वारा निजी स्कुलमा राखिएका अपाङ्गता भएका केही बालबालिकालाई उपलब्ध गराइने सेवाहरू हुन् र SD को कानुनका आधारमा होम स्कुल विद्यार्थीहरूलाई समतामूलक सेवाहरूका लागि सोचविचारमा समावेश गरिँदैन ।

## <u>पूर्व लिखित सूचना</u>

34 CFR 300.503; 34 CFR 300.505; 34 CFR 300.304; ARSD 24:05:30:04

तपाईंको बच्चाको पहिचान, मूल्याङ्कन, शैक्षिक स्थापन वा FAPE को प्रावधान सुरु गर्न परिवर्तन गर्नका लागि सिफारिस वा अस्वीकार गर्नुभन्दा कम्तीमा पनि पाँच क्यालेन्डर ***दिन*** पहिले तपाईंको स्कुल डिस्ट्रिक्टले तपाईंलाई अनिवार्य रूपमा **पूर्व लिखित सूचना** उपलब्ध गराउनुपर्छ । यदि तपाईं पाँच दिने आवश्यकताभन्दा पहिले नै परिवर्तन लागू गर्न चाहनुहुन्छ भने तपाईंले 5-दिने पूर्व लिखित सूचनासम्बन्धी आवश्यकतालाई त्याग गर्न सक्नुहुन्छ ।

पूर्व लिखित सूचनाले अनिवार्य रूपमा:

1. तपाईंको स्कुल डिस्ट्रिक्ट चाल्ने योजना बनाएको वा चाल्न अस्वीकार गरेको कार्य वर्णन गर्नुपर्छ;
2. तपाईंको स्कुल डिस्ट्रिक्टले किन कार्यलाई अगाडि बढाउने योजना बनाएको छ वा अस्वीकार गर्दैछ भनेर स्पष्ट पार्नुपर्छ;
3. कार्यलाई अगाडि बढाउने योजना बनाउन वा अस्वीकार गर्नका लागि निर्णय लिँदा तपाईंको स्कुल डिस्ट्रिक्टले प्रयोग गरेको प्रत्येक मूल्याङ्कन प्रक्रिया, एसेस्मेन्ट, रेकर्ड वा रिपोर्ट वर्णन गर्नुपर्छ;
4. तपाईंसँग IDEA को भाग B मा प्रक्रियागत सुरक्षाका प्रावधानहरूअन्तर्गत संरक्षणहरू छन् भन्ने कथन समावेश गर्नुपर्छ;
5. यदि योजना बनाइएको वा अस्वीकार गरिएको कार्य मूल्याङ्कनका लागि प्रारम्भिक रेफरल होइन भने तपाईंले प्रक्रियागत सुरक्षाहरूका बारेमा थप जानकारी कहाँ प्राप्त गर्न सक्नुहुन्छ भनेर तपाईंलाई बताउनुपर्छ;
6. तपाईंलाई IDEA को भाग B बुझ्नमा मद्दत गर्नका लागि स्रोतसाधनहरूको सम्पर्क जानकारी समावेश गर्नुपर्छ;
7. तपाईंको बच्चाको I***EP टोली***ले विचार गरेको अन्य सबै विकल्पहरू र ती विकल्पहरूलाई किन अस्वीकार गरिएको थियो भनेर वर्णन गर्नुपर्छ;
8. कार्यलाई अगाडि बढाउने योजना बनाउन वा अस्वीकार गर्नका लागि निणर्य लिँदा स्कुल डिस्ट्रिक्टले प्रयोग गरेका अन्य कारकतत्वहरूको विवरण उपलब्ध गराउनुपर्छ; **र**
9. तपाईंको स्कुल डिस्ट्रिक्टले मूल्याङ्कन गर्ने योजना बनाएको छ भने तपाईंको स्कुल डिस्ट्रिक्टले गर्ने योजना बनाएको सबै मूल्याङ्कन प्रक्रियाहरू वर्णन गर्नुपर्छ ।

पूर्व लिखित सूचना अनिवार्य रूपमा:

1. सजिलैसँग बुझिने भाषामा लेखिएको हुनुपर्छ; **र**
2. तपाईंको मूल भाषा वा सञ्चारको अन्य विधिमा उपलब्ध गराउन सम्भव नभएसम्म तपाईंको मूल भाषा वा सञ्चारको अन्य विधिमा उपलब्ध गराइनुपर्छ ।

यदि तपाईंको मूल भाषा वा सञ्चारको अन्य विधि लिखित भाषामा छैन भने तपाईंको स्कुल डिस्ट्रिक्टले निम्न सुनिश्चित गर्नका लागि अनिवार्य रूपमा कदमहरू चाल्नुपर्छ:

1. सूचनालाई तपाईंको मूल भाषा वा सञ्चारको अन्य विधिमा मौखिक रूपमा वा अन्य उपायद्वारा तपाईंका लागि अनुवाद गरिएको छ ।
2. तपाईंले सूचनाको विषयवस्तुलाई बुझ्नुहुन्छ; <u>**र**</u>
3. 1 र 2 पूरा भएका छन् भन्ने लिखित प्रमाण छ ।

यदि उपलब्ध भएमा तपाईंले आफ्नो पूर्व लिखित सूचना, प्रक्रियागत सुरक्षा सूचना, उचित प्रक्रिया सुनुवाइ उजुरीहरूसँग सम्बन्धित सूचनाहरू विद्युतीय सञ्चार माध्यम (इमेल) द्वारा प्राप्त गर्ने भनेर पनि छनौट गर्न सक्नुहुन्छ । तपाईंको स्कुल डिस्ट्रिक्टले तपाईंले विद्युतीय माध्यमबाट सूचनाहरू प्राप्त गर्न चाहनुहुन्छ भनेर प्रमाणित गर्नेछ ।

## स्वतन्त्र शैक्षिक मूल्याङ्कन

34 CFR 300.502; ARSD 24:05:30:03

यदि तपाईं स्कुल डिस्ट्रिक्टद्वारा प्राप्त गरिएको मूल्याङ्कनसँग सहमत हुनुहुन्न भने तपाईंसँग सार्वजनिक खर्चमा आफ्नो बच्चाको ***IEE*** गराउने अधिकार हुन्छ ।

IEE भनेको स्कुल डिस्ट्रिक्टको रोजगारीमा नभएको योग्य परीक्षकद्वारा सञ्चालित मूल्याङ्कन हो ।

सार्वजनिक खर्च भनेको यात स्कुल डिस्ट्रिक्टले मूल्याङ्कनमा लागेको पूरा खर्चका लागि भुक्तानी गर्छ वा IDEA को भाग B का प्रावधानहरू अनुरूप तपाईंलाई कुनै पनि खर्च नलाग्नेगरी अन्य तरिकामा मूल्याङ्कन उपलब्ध गराइन्छ भनेर सुनिश्चित गर्छ भन्ने हुन्छ ।

यदि IEE अनुरोध गर्नुभयो भने स्कुल डिस्ट्रिक्टले तपाईंले स्कुलको मूल्याङ्कनमा किन आपत्ति जनाउनुहुन्छ भनेर तपाईंलाई कारण सोध्न सक्छ । तपाईंले किन आपत्ति जनाउनुभयको भनेर स्पष्ट पार्न आवश्यक छैन ।

तपाईंले IEE अनुरोध गर्दा स्कुल डिस्ट्रिक्टले तपाईंलाई IEE कहाँबाट प्राप्त गर्न सकिन्छ IEE हरूका लागि प्रचलित स्कुल डिस्ट्रिक्ट मापदण्डहरूका बारेमा जानकारी उपलब्ध गराउनेछ ।

यदि IEE सार्वजनिक खर्चमार्फत हो भने मूल्याङ्कनको स्थान र परीक्षकका योग्यताहरूसहित मूल्याङ्कनका लागि स्कुल डिस्ट्रिक्टका मापदण्डहरू अनिवार्य रूपमा स्कुल डिस्ट्रिक्टले मूल्याङ्कन सुरु गर्दा यसले प्रयोग गर्ने मापदण्डहरू झैं समान हुनुपर्छ । माथि वर्णन गरिएका मापदण्डहरू बाहेक स्कुल डिस्ट्रिक्टले IEE प्राप्त गर्नका लागि थप सर्त वा समयसीमाहरू लगाउन सक्दैन ।

स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा यात सार्वजनिक खर्चमा IEE का लागि अनुमति प्रदान गर्नुपर्छ वा स्कुल डिस्ट्रिक्टको मूल्याङ्कन उचित थियो वा तपाईंले अनुरोध गरिरहनुभएको वा प्राप्त गर्नुभएको IEE ले स्कुल डिस्ट्रिक्टका मापदण्डहरू पूरा गर्दैन भनेर देखाउनका लागि स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गराउनुपर्छ ।

यदि स्कुल डिस्ट्रिक्टले सुनुवाइ अनुरोध गर्न उचित प्रक्रिया उजुरी दर्ता गराउँछ भने र सुनुवाइ अधिकारीको अन्तिम निर्णयले स्कुल डिस्ट्रिक्टको मूल्याङ्कन उचित छ भनेर बताए पनि तपाईंसँग अझैं पनि IEE को अधिकार हुन्छ तर त्यो सार्वजनिक खर्चमा हुँदैन ।

स्कुल डिस्ट्रिक्टले हरेकपटक तपाईंको बच्चाको मूल्याङ्कन गर्दा तपाईंसँग सार्वजनिक खर्चमा आफ्नो बच्चाको एकपटक मात्र IEE गराउने अधिकार हुन्छ ।

यदि तपाईंले सार्वजनिक खर्चमा IEE प्राप्त गर्नुहुन्छ वा निजी खर्चमा प्राप्त गरिएको मूल्याङ्कन स्कुल डिस्ट्रिक्टसँग साझा गर्नुहुन्छ भने IEP टोलीले तपाईंको बच्चाका लागि FAPE का बारेमा गरिएका कुनै पनि निर्णयमा IEE हरूका लागि स्कुल डिस्ट्रिक्टका मापदण्डहरू पूरा गर्ने तपाईंले साझा गरिएको कुनै पनि IEE वा अन्य मूल्याङ्कनहरूमा **अनिवार्य रूपमा सोचविचार गर्नुपर्छ** ।

IEE का नतिजाहरूलाई तपाईंको बच्चाको सम्बन्धमा उचित प्रक्रिया सुनुवाइमा प्रमाणको रूपमा कुनै पनि पक्षद्वारा प्रस्तुत गर्न सकिनेछ ।

यदि सुनुवाइ अधिकारीले उचित प्रक्रिया उजुरीमा सुनुवाइको हिस्साको रूपमा IEE लाई अनुरोध गर्नुहुन्छ भने मूल्याङ्कनमा लाग्ने खर्च अनिवार्य रूपमा सार्वजनिक खर्च हुनुपर्छ ।

# शैक्षिक रेकर्डहरू

## जानकारीको गोपनीयता र शैक्षिक रेकर्डहरूमा पहुँच

34 CFR 300.611-617; ARSD 24:05:29; 34 CFR 300.622-625; 34 CFR 300.32

पारिवारिक शिक्षा अधिकार तथा गोपनीयता ऐन (FERPA) ले अभिभावक र 18 वर्ष वा सोभन्दा बढी उमेरका विद्यार्थीहरूलाई रेकर्डहरूमा पहुँच बनाउने (निरीक्षण र समीक्षा गर्ने) अधिकारलगायत विद्यार्थीका रेकर्डहरूको सम्बन्धमा निश्चित अधिकारहरू प्रदान गर्छ र यी रेकर्डहरूको गोपनीयतालाई थप संरक्षण गर्छ । IDEA ले रेकर्डहरूमा पहुँच र तिनीहरूको गोपनीयतालाई पनि थप सम्बोधन गर्छ ।

### गोप्य जानकारी र त्यसमा पहुँचका बारेमा अभिभावकहरूलाई सूचना

FERPA अन्तर्गत स्कुलले अनिवार्य रूपमा विद्यार्थीका अभिभावकहरूलाई प्रत्यक्ष उपस्थितिमा FERPA अन्तर्गत उहाँहरूका अधिकारहरूमा बारेमा सूचित गर्नुपर्छ । वार्षिक सूचनामा आफ्नो बच्चाको शैक्षिक रेकर्डहरू निरीक्षण तथा समीक्षा गर्ने अभिभावकको अधिकार, रेकर्डहरू संशोधन गर्न पाउने अधिकार, (निश्चित परिस्थितिहरूमा बाहेक) रेकर्डहरूबाट ***व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी* (PII)** को खुलासामा सहमति जनाउने अधिकार र स्कुलले कथित रूपमा FERPA लाई पालना गर्न नसकेको सम्बन्धमा अमेरिकी शिक्षा विभागको पारिवारिक नीति अनुपालना कार्यालयमा उजुरी दर्ता गर्ने अधिकारको सम्बन्धमा अनिवार्य रूपमा जानकारी समावेश हुनुपर्छ । स्कुलले अभिभावकहरूलाई "स्कुलको अधिकारी" र "वैध शैक्षिक हित" शब्दहरूका आफ्ना परिभाषाहरूका बारेमा पनि अनिवार्य रूपमा सूचित गर्नुपर्छ ।

FERPA ले FERPA अन्तर्गतका अभिभावकका अधिकारहरूका बारेमा अभिभावकहरूलाई छुट्टाछुट्टै सूचित गर्नका लागि स्कुललाई अनिवार्य गराएको छैन । त्यसको साटो, स्कुलले अभिभावकहरूलाई अभिभावकका अधिकारहरूका बारेमा सूचित गर्ने सम्भावना रहेका सबै माध्यमहरूबाट वार्षिक सूचना उपलब्ध गराउन सक्छ ।

FERPA र IDEA दुवैअन्तर्गत स्कुल डिस्ट्रिक्टले:
IDEA को भाग B अन्तर्गत स्कुल डिस्ट्रिक्टद्वारा सङ्कलन गरिएको, राखिएको वा प्रयोग गरिएको तपाईंको बच्चासँग सम्बन्धित सबै शैक्षिक रेकर्डहरू निरीक्षण र समीक्षा गर्नका लागि तपाईंलाई अनिवार्य रूपमा अनुमति दिनुपर्छ;

**शैक्षिक रेकर्डहरू**

34 CFR 300.611(b), 34 CFR Part 99.; *Authority: 20 U.S.C. 1232g(a)(4))*

FERPA
पारिवारिक शिक्षा अधिकार तथा गोपनीयता ऐन (FERPA) भनेको अभिभावकहरूलाई आफ्नो बच्चाको शैक्षिक रेकर्डहरूमा पहुँच बनाउने अधिकार, रेकर्डहरूमा संशोधन गर्न पाउने अधिकार र शैक्षिक रेकर्डहरूबाट व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारीको खुलासा माथि केही नियन्त्रण राख्ने अधिकार प्रदान गर्ने सङ्घीय कानुन हो । विद्यार्थी 18 वर्ष पुग्दा वा कुनै पनि उमेरमा माध्यमिक तहको शिक्षा पछिको संस्थामा प्रवेश गर्दा FERPA अन्तर्गतका अधिकारहरू अभिभावकहरूबाट विद्यार्थी ("योग्य विद्यार्थी") मा स्थानान्तरण हुन्छन् ।

(a) शब्दले ती रेकर्डहरूलाई जनाउँछ जुन:

1. प्रत्यक्ष रूपमा विद्यार्थीसँग सम्बन्धित छन्; र
2. शैक्षिक एजेन्सी वा संस्थाद्वारा वा एजेन्सी वा संस्थाका लागि काम गरिरहेको पक्षद्वारा तयार गरेर राखिएको छ ।

(b) शब्दले निम्नलाई जनाउँदैन:

1. शैक्षणिक, सुपरिवेक्षण र प्रशासनिक कर्मचारीहरूका साथै व्यक्तिहरूको सहायक रहेका शैक्षिक कर्मचारीहरूका रेकर्डहरू जो रेकर्ड तयार गर्ने व्यक्तिसँग मात्र हुन्छ र रेकर्ड तयार गर्ने व्यक्तिका लागि अस्थायी विकल्प बाहेक अरू कुनै पनि व्यक्तिको पहुँचमा हुँदैन वा जसलाई कुनै पनि व्यक्तिलाई खुलासा गरिँदैन ।
2. § 99.8 का प्रावधानहरूको अधिनमा रहनेगरी शैक्षिक एजेन्सी वा संस्थाको कानुन कार्यान्वयन गर्ने एकाइका रेकर्डहरू ।
3. शैक्षिक एजेन्सी वा संस्थाद्वारा रोजगारीमा राखिएको व्यक्तिसँग सम्बन्धित रेकर्डहरू:
   (a) जसलाई सामान्य कार्य सञ्चालनको क्रममा तयार गरेर राखिन्छ;
   (b) जसले कर्मचारीको रूपमा व्यक्तिलाई व्यक्तिको क्षमतामा विशेष रूपमा जोड्छ ।

1. अनावश्यक ढिलाइबिना र कुनै पनि IEP बैठक, समाधान सत्र वा उचित प्रक्रिया सुनुवाइ (पहिचान, मूल्याङ्कन, शैक्षिक स्थापन, अनुशासनात्मक कार्यवाही वा FAPE को प्रावधान) भन्दा पहिले आफ्नो बच्चाका रेकर्डहरू निरीक्षण र समीक्षा गर्ने तपाईंको अनुरोधलाई अनिवार्य रूपमा पालना गर्नुपर्छ; **र**
2. अनुरोध गरिसकेपछि पालना गर्नका लागि 45 क्यालेन्डर दिनभन्दा बढी समय लिन पाउँदैन ।

शैक्षिक रेकर्डहरू निरीक्षण र समीक्षा गर्ने तपाईंको अधिकारमा निम्न पर्दछन्:

1. रेकर्डहरूको स्पष्टीकरण र व्याख्याहरूका लागि गरिएका मनासिब अनुरोधहरूमा स्कुल डिस्ट्रिक्टबाट जवाफ प्राप्त गर्ने अधिकार ।
2. यदि रेकर्डका प्रतिलिपिहरू उपलब्ध गराउन नसक्दा त्यसले तपाईंलाई रेकर्डहरू निरीक्षण र समीक्षा गर्ने आफ्नो अधिकार प्रयोग गर्नबाट रोक्छ भने जानकारी रहेको रेकर्डका प्रतिलिपिहरू स्कुल डिस्ट्रिक्टले उपलब्ध गराउनका लागि अनुरोध गर्ने अधिकार; **र**
3. आफ्नो प्रतिनिधिलाई रेकर्डहरू समीक्षा गर्न लगाउने अधिकार ।

स्कुल डिस्ट्रिक्टलाई तपाईंसँग अधिकार छैन भनेर सूचित नगरिँदासम्म स्कुल डिस्ट्रिक्टले तपाईंसँग आफ्नो बच्चासँग सम्बन्धित रेकर्डहरू समीक्षा गर्ने अधिकार छ भनेर अनुमान लगाउन सक्छ ।

स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा (तपाईं वा स्कुल डिस्ट्रिक्टका अधिकृत कर्मचारीहरूद्वारा गरिएको पहुँच बाहेक) IDEA को भाग B अन्तर्गत सङ्कलन गरिएका, राखिएका वा प्रयोग गरिएका शैक्षिक रेकर्डहरूमा पहुँच बनाउने पक्षहरूको रेकर्ड राख्नुपर्छ र त्यसमा पक्षको नाम, पहुँच प्रदान गरिएको मिति र रेकर्डहरू प्रयोग गर्नका लागि पक्षलाई अनुमति प्रदान गरिएको प्रयोजन समावेश गर्नुपर्छ । तपाईं वा तपाईंको योग्य विद्यार्थीले पहुँचको रेकर्ड निरीक्षण गर्न अनुरोध गर्न सक्नुहुन्छ ।

यदि कुनै पनि शैक्षिक रेकर्डहरूमा एउटा बच्चाभन्दा बढीको जानकारी छ भने प्रत्येक अभिभावकसँग आफ्नो बच्चासँग सम्बन्धित जानकारी मात्र निरीक्षण तथा समीक्षा गर्ने वा आफ्नो बच्चासँग सम्बन्धित रहेको विशिष्ट जानकारीका बारेमा सूचित हुने अधिकार हुन्छ ।

अनुरोध गरिसकेपश्चात् स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा तपाईंलाई शैक्षिक रेकर्डका प्रकारहरू र स्कुल डिस्ट्रिक्टद्वारा सङ्कलन गरिएका, राखिएका वा प्रयोग गरिएका यी रेकर्डहरूका स्थानहरूको सूची उपलब्ध गराउनुपर्छ ।

स्कुल डिस्ट्रिक्टले IDEA को भाग B अन्तर्गत तपाईंका तयार गरिएका रेकर्डहरूका प्रतिलिपिहरूका शुल्क लगाउन सक्छ र त्यस्तो शुल्कले ती रेकर्डहरू समीक्षा गर्नबाट तपाईंलाई रोक्ने हुनुहुँदैन । स्कुल डिस्ट्रिक्टले IDEA को भाग B अन्तर्गत जानकारी खोज्न वा प्राप्त गर्नका लागि शुल्क नलगाउन सक्छ ।

FERPA वा IDEA द्वारा अन्य तरिकाले अनुमति प्रदान नगरिएको भएसम्म व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी अरूहरूसँग साझा गरिनुभन्दा पहिले तपाईंको सहमति अनिवार्य रूपमा प्राप्त गरिनुपर्छ ।

(c) जुन अन्य कुनै पनि प्रयोजनका निम्ति प्रयोगका लागि उपलब्ध हुँदैनन् । विद्यार्थीको रूपमा व्यक्तिको स्थितिको परिणामस्वरूप एजेन्सी वा संस्थामा रोजगारीमा रहेको व्यक्तिसँग सम्बन्धित रेकर्डहरू शैक्षिक रेकर्डहरू हुन र यस उपवर्गीकरणअन्तर्गत अपेक्षा गरिँदैन;

4. 18 वर्ष वा सोभन्दा बढी उमेरको वा माध्यमिक तहको शिक्षा पछिको संस्थामा अध्ययनरत विद्यार्थीसम्बन्धी रेकर्डहरू जसलाई:

   a) चिकित्सक, साइकेट्रिस्ट, साइकोलोजिस्ट वा अन्य मान्यताप्राप्त पेशाकर्मी वा आफ्नो व्यावसायिक क्षमतामा काम गरिरहेका वा पाराप्रोफेशनल क्षमतामा सहयोग गरिरहेका पाराप्रोफेशनल (सहजकर्ता कर्मचारी) द्वारा तयार गरिएका वा राखिएका छन्;
   b) विद्यार्थीको उपचारको सम्बन्धमा मात्र तयार गरिएका, राखिएका वा प्रयोग गरिएका छन्; र
   c) उपचार उपलब्ध गराउने व्यक्तिहरूलाई मात्र खुलासा गरिएका छन् । यस परिभाषाको प्रयोजनका लागि "उपचार" मा उपचारात्मक शैक्षिक वा एजेन्सी वा संस्थामा शिक्षण कार्यक्रमको हिस्सा रहेका क्रियाकलापहरू पर्दैनन्; र

5. व्यक्ति अध्ययनरत विद्यार्थी नरहेपछि शैक्षिक एजेन्सी वा संस्थाद्वारा तयार वा प्राप्त गरिएका र विद्यार्थीको रूपमा व्यक्तिको हाजिरीसँग प्रत्यक्ष रूपमा सम्बन्धित नरहेका रेकर्डहरू; र

6. शिक्षकद्वारा सङ्कलन र रेकर्ड गरिनुअघि सहपाठीद्वारा ग्रेड दिइएका पेपरहरूका ग्रेडहरू ।

7. व्यक्ति अध्ययनरत विद्यार्थी नरहेपछि शैक्षिक एजेन्सी वा संस्थाद्वारा तयार वा प्राप्त गरिएका र विद्यार्थीको रूपमा व्यक्तिको हाजिरीसँग प्रत्यक्ष रूपमा सम्बन्धित नरहेका रेकर्डहरू; र

8. शिक्षकद्वारा सङ्कलन र रेकर्ड गरिनुअघि सहपाठीद्वारा ग्रेड दिइएका पेपरहरूका ग्रेडहरू ।

IDEA अन्तर्गत, निम्न अवस्थामा बाहेक IDEA को भाग B जानकारी सङ्कलन वा प्रयोग गरिरहेका सहभागी एजेन्सीहरूका अधिकारीहरूलाई व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी जारी गरिनुभन्दा पहिले तपाईंको सहमति आवश्यक पर्दैन:

1. ***ट्रान्जिसन सेवाहरू*** उपलब्ध गराइरहेका वा ती सेवाहरूका लागि भुक्तानी गरिरहेका सहभागी एजेन्सीका अधिकारीहरूलाई व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी जारी गरिनुभन्दा पहिले तपाईंको सहमति वा तपाईंको योग्य विद्यार्थीको सहमति अनिवार्य रूपमा प्राप्त गरिनुपर्छ ।
2. यदि तपाईंको निजी स्कुलमा छन् वा निजी स्कुलमा जाँदै छन् भने निजी स्कुल रहेको तपाईं बच्चाको पब्लिक स्कुल डिस्ट्रिक्टका अधिकारीहरू र तपाईंको बच्चाको आवासीय स्कुल डिस्ट्रिक्टका अधिकारीहरूका बीचमा तपाईंको बच्चा बारेको व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी जारी गरिनुभन्दा पहिले तपाईंको सहमति अनिवार्य रूपमा प्राप्त गरिनुपर्छ ।

FERPA अन्तर्गत, निम्नलाई व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी जारी गरिनुभन्दा पहिले तपाईंको सहमति आवश्यक पर्दैन:

1. तपाईंको स्कुल डिस्ट्रिक्टभित्र स्कुलले वैध शैक्षिक हितहरू भएको भनेर निर्धारण गरिएका शिक्षकहरूलगायत शिक्षकका अधिकारीहरूलाई । प्रचलित आवश्यकताहरू पूरा भएका छन् भने यसमा स्कुलले संस्थागत सेवा वा कार्यहरू आउटसोर्स गरिएका कन्ट्र्याक्टर, संस्थागत परामर्शदाता, स्वयंसेवक वा अन्य पक्षहरू पर्दछन् ।

2. यदि खुलासा तपाईंको बच्चाको भर्ना वा स्थानान्तरणसँग सम्बन्धित प्रयोजनहरूका लागि हो, प्रचलित आवश्यकताहरू पूरा भएका छन् (विशेषगरी वार्षिक सूचनाले अभिभावकहरूलाई स्कुलले यस अपवादअन्तर्गत रेकर्डहरू जारी गर्छ भनेर सूचित गर्छ, वा स्कुलले तपाईं वा तपाईंको योग्य विद्यार्थीलाई पछिल्लो ज्ञात ठेगानामा सूचित गर्नका लागि मनासिब प्रयास गर्छ वा खुलासालाई तपाईं वा तपाईंको योग्य विद्यार्थीद्वारा सुरु गरिएको हो) भने अर्को स्कुलका अधिकारीहरू, स्कुल प्रणाली वा तपाईंको बच्चाले भर्ना हुन खोजेको वा चाहेको वा तपाईंको बच्चा भर्ना भइसकेको माध्यमिक तहको शिक्षा पछिको संस्थालाई ।

3. अमेरिकी कम्प्ट्रोलर जनरल (महालेखा नियन्त्रक), अमेरिकी अटर्नी जनरल, अमेरिकी शिक्षा सेक्रेटरी वा राज्य तथा स्थानीय शैक्षिक निकायहरूलाई, जस्तै कि साउथ डकोटाको शिक्षा विभाग । प्रचलित आवश्यकताहरूको अधिनमा रहनेगरी यस प्रावधानअन्तर्गत खुलासाहरू संघ वा राज्यद्वारा आर्थिक सहयोग प्रदान गरिएका शैक्षिक कार्यक्रमहरूको लेखापरीक्षण वा मूल्याङ्कनको सम्बन्धमा वा यी कार्यक्रमहरूसँग सम्बन्धित रहेका सङ्घीय कानुनी आवश्यकताहरूको कार्यान्वयन वा अनुपालनाका लागि गर्न सकिनेछ । यदि प्रचलित आवश्यकताहरू पूरा गरिएको भएमा यी संस्थाहरूले आफ्नो तर्फबाट कुनै पनि लेखापरीक्षण, मूल्याङ्कन वा कार्यान्वयन वा अनुपालनाको कार्य गर्नका लागि आफूले आफ्ना अधिकृत प्रतिनिधिहरूको रूपमा तोकेका बाहिरी संस्थाहरूलाई व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारीको थप खुलासा गर्न सक्नेछन् ।

4. यदि जानकारी सहयोगका लागि योग्यता निर्धारण गर्ने, सहयोगको परिणाम निर्धारण गर्ने, सहयोगका सर्तहरू निर्धारण गर्ने वा सहयोगका सर्त तथा बन्देजहरू कार्यान्वयन गराउने जस्ता प्रयोजनहरूका लागि आवश्यक पर्छ भने तपाईंको बच्चाले आवेदन दिएको वा तपाईंको बच्चाले प्राप्त गरेको वित्तीय सहयोगको सम्बन्धमा ।

5. प्रचलित आवश्यकताहरूको अधिनमा रहनेगरी राज्य तथा स्थानीय अधिकारी वा निकायहरूलाई जसलाई अन्तिम फैसला गरिनुभन्दा पहिले रेकर्डहरू जारी गरिएको विद्यार्थीलाई प्रभावकारी रूपमा सेवा दिने बाल न्याय प्रणाली तथा प्रणालीको क्षमतासँग सम्बन्धित राज्यको विधानद्वारा जानकारी रिपोर्ट गर्न वा खुलासा गर्न विशेष रूपमा अनुमति दिइन्छ ।

6. यदि प्रचलित आवश्यकताहरू पूरा गरिएको भएमा निम्न उद्देश्यहरूका निम्ति स्कुलका लागि वा स्कुलको तर्फबाट अध्ययनहरू सञ्चालन गरिरहेका संघसंस्थाहरूलाई: (क) पूर्वानुमानित परीक्षणहरू विकास गर्न, प्रमाणीकरण गर्न वा कार्यान्वयन गर्न; (ख) विद्यार्थी सहयोग कार्यक्रमहरू लागू गर्न; वा (ग) शिक्षणलाई सुधार गर्न ।

7. आफ्ना मान्यता दिने कार्यहरू गर्नका लागि मान्यता दिने संघसंस्थाहरूलाई ।

8. तपाईंको बच्चा योग्य विद्यार्थी भएमा तपाईंलाई र यो तपाईंको योग्य बच्चा IRS कर प्रयोजनहरूका लागि आश्रित हुँदासम्म ।

9. यदि प्रचलित आवश्यकताहरू पूरा गरिएको भएमा न्यायिक आदेश वा कानुनी रूपमा जारी गरिएको समन (सुपिना) को पालना गर्नका लागि ।

10. प्रचलित आवश्यकताहरूको अधिनमा रहनेगरी स्वास्थ्य तथा सुरक्षासम्बन्धी आपत्कालीन स्थितिको सम्बन्धमा उपयुक्त अधिकारीहरूलाई ।

11. प्रचलित आवश्यकताहरू पूरा गर्दासम्म स्कुलद्वारा "डाइरेक्टरी जानकारी" को रूपमा निर्दिष्ट गरिएको ।

12. राज्य वा स्थानीय बाल कल्याण एजेन्सी वा जनजातीय संघसंस्थाको एजेन्सी केसवर्कर वा अन्य प्रतिनिधिलाई जसलाई राज्य वा जनजातीय कानुनअनुसार फोस्टर स्याहार स्थापन (प्लेसमेन्ट) मा रहेका विद्यार्थीको स्याहार तथा संरक्षणका लागि उक्त एजेन्सी वा संघसंस्था कानुनी रूपमा जिम्मेवार हुँदा विद्यार्थीको केस योजनामा पहुँच बनाउन अधिकार हुन्छ ।

13. निश्चित सर्तहरूअन्तर्गत रिचर्ड बि. रसेल राष्ट्रिय स्कुल लन्च एक्ट वा सन् 1966 को बाल पोषण ऐनअन्तर्गत स्वीकृति प्रदान गरिएका कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा प्रदर्शनी मापनहरू गर्ने प्रयोजनहरूका लागि कृषि सेक्रेटरी वा खाद्य तथा पोषण सेवाका अधिकृत प्रतिनिधिहरूलाई ।

यदि अभिभावकको सहमतिबिना खुलासाका लागि IDEA वा FERPA का सर्तहरू पूरा गरिन्छन् र शैक्षिक एजेन्सीले खुलासा गरिएको पक्षलाई यी आवश्यकताहरूका बारेमा जानकारी गराएको छ भने अर्को शैक्षिक एजेन्सी वा संस्थाबाट व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी प्राप्त गर्ने शैक्षिक संस्थाले तपाईं वा तपाईंको विद्यार्थीको पूर्व लिखित सहमतिबिना नै शैक्षिक एजेन्सीको तर्फबाट जानकारीको थप खुलासा गर्न सक्नेछ ।

**व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी (PII)**

स्कुल डिस्ट्रिक्टले सङ्कलन, भण्डारण, खुलासा र नाशको चरणहरूमा ***PII*** को गोपनीयतालाई अनिवार्य रूपमा सुरक्षित राख्नुपर्छ ।

1. स्कुल डिस्ट्रिक्टको एकजना अधिकारीले कुनै पनि व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारीको गोपनीयता सुनिश्चित गर्नका लागि अनिवार्य रूपमा जिम्मेवारी लिनुपर्छ ।

2. व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी सङ्कलन वा प्रयोग गर्ने सबै मानिसहरूले IDEA को भाग B र FERPA अन्तर्गत व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारीको गोपनीयताको सम्बन्धमा राज्यका नीति तथा प्रक्रियाहरूका बारेमा अनिवार्य रूपमा प्रशिक्षण वा निर्देशन प्राप्त गर्नुपर्छ ।

3. सार्वजनिक निरीक्षणका लागि डिस्ट्रिक्टले अनिवार्य रूपमा व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारीमा पहुँच हुन सक्ने डिस्ट्रिक्ट भित्रका ती कर्मचारीहरूको नाम र पदहरूको हालको सूची तयार गरेर राख्नुपर्छ ।

4. तपाईंको बच्चालाई शैक्षिक सेवाहरू उपलब्ध गराउनका निम्ति विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूका लागि सङ्कलन गरिएको, राखिएको वा प्रयोग गरिएको व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी अब उप्रान्त आवश्यक नपर्ने भएपछि डिस्ट्रिक्टले त्यस बारेमा अनिवार्य रूपमा तपाईंलाई जानकारी गराउनुपर्छ ।

5. अब उप्रान्त आवश्यक पर्ने जानकारीलाई तपाईंको अनुरोधमा अनिवार्य रूपमा नष्ट गरिनुपर्छ; यद्यपि, तपाईंको बच्चाको नाम, ठेगाना, फोन नम्बर, उनका ग्रेडहरू, हाजिरी रेकर्ड, उपस्थित भएका कक्षाहरू र पूरा गरिएका गेड तहसम्बन्धी जानकारी भएको स्थायी रेकर्ड अनिश्चित कालसम्म तयार गरेर राख्न सकिनेछ ।

सन् 1974 को पारिवारिक शिक्षा अधिकार तथा गोपनीयता ऐनको (34 CFR 99.5(a)) का लागि नियमहरूअन्तर्गत शैक्षिक रेकर्डहरूसम्बन्धी तपाईं अधिकारहरू 18 वर्ष उमेरका विद्यार्थीमा हस्तान्तरण हुन्छन् । 18 वर्ष वा सोभन्दा बढी उमेरको विद्यार्थीलाई FERPA अन्तर्गत "योग्य विद्यार्थी" भनिन्छ ।

### बालिग उमेर (18 वर्ष पुग्ने विद्यार्थी)

IDEA को भाग B अन्तर्गतका तपाईंका अधिकारहरू बालिग उमेरका विद्यार्थीमा हस्तान्तरण हुँदा शैक्षिक रेकर्डहरूसम्बन्धी अधिकारहरू पनि अनिवार्य रूपमा विद्यार्थीमा हस्तान्तरण गरिनुपर्छ । यद्यपि, स्कुल डिस्ट्रिक्टले IDEA को भाग B अन्तर्गत आवश्यक पर्ने कुनै पनि सूचना तपाईं र विद्यार्थीलाई अनिवार्य रूपमा उपलब्ध गराउनुपर्छ । (पृष्ठ 38 मा रहेको "बालिग उमेरको भएपछि अभिभावकीय अधिकारहरूको हस्तान्तरण" शीर्षकअन्तर्गत रहेका थप जानकारी हेर्नुहोस्) ।

## अभिभावकको अनुरोधमा रेकर्डहरूमा संशोधन

34 CFR 300.618-621; ARSD 24:05:29:04

यदि तपाईंलाई तपाईंको बच्चाका बारेमा शैक्षिक रेकर्डहरूमा भएको जानकारी गलत, भ्रामक छ वा त्यसले तपाईंको बच्चाको गोपनीयता वा अन्य अधिकारहरू उल्लङ्घन गर्छ भन्ने लाग्छ भने तपाईंले स्कुल डिस्ट्रिक्टलाई सो जानकारी सच्चाउन वा हटाउन (अर्थात् रेकर्डमा संशोधन गर्न) अनुरोध गर्न सक्नुहुन्छ ।

तपाईंको अनुरोध प्राप्त भइसकेपश्चात् स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा मनासिब समयभित्र जानकारीलाई सच्चाउने वा हटाउने भनेर निर्णय गर्नुपर्छ । यदि स्कुल डिस्ट्रिक्टले जानकारी सच्चाउन वा हटाउन अस्वीकार गरेमा यसले अनिवार्य रूपमा तपाईंलाई अस्वीकृतिका बारेमा सूचित गर्नुपर्छ र पारिवारिक शिक्षा अधिकार तथा गोपनीयता ऐन ***(FERPA)*** सुनुवाइका लागि तपाईंका अधिकारहरूका बारेमा तपाईंलाई सुझाव दिनुपर्छ ।

अनुरोध भइसकेपछि स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा तपाईंलाई FERPA सुनुवाइ उपलब्ध गराउनुपर्छ ताकि तपाईंले तपाईंको बच्चाका शैक्षिक रेकर्डहरूमा तपाईंलाई गलत, भ्रामक भएको वा तपाईंको बच्चाको गोपनीयता वा अन्य अधिकारहरू उल्लङ्घन गर्ने भनेर लाग्ने जानकारीलाई चुनौती दिन सक्नुहोस् ।

शैक्षिक रेकर्डहरूमा भएको जानकारीलाई चुनौती दिने सुनुवाइ अनिवार्य रूपमा FERPA अन्तर्गत त्यस्ता सुनुवाइहरूका प्रक्रियाहरूअनुसार सञ्चालित हुनुपर्छ ।

### पारिवारिक शिक्षा अधिकार तथा गोपनीयता ऐन (FERPA)

स्कुल डिस्ट्रिक्टको FERPA सुनुवाइ प्रक्रियाहरूमा तपाईंलाई कम्तीमा पनि निम्न प्रदान गरिनुपर्छ:

1. स्कुल डिस्ट्रिक्टले सुनुवाइका लागि तपाईंको अनुरोध प्राप्त गरेपछि 30 दिनभित्र अनिवार्य रूपमा सुनुवाइ आयोजना गरिनुपर्छ र सुनुवाइ हुनुभन्दा पाँच दिने पहिले तपाईं वा तपाईंको योग्य विद्यार्थीलाई मिति, स्थान र समयको सूचना अनिवार्य रूपमा दिइनुपर्छ;

2. सुनुवाइको सञ्चालन स्कुल डिस्ट्रिक्टको अधिकारीलगायत सुनुवाइको नतिजामा प्रत्यक्ष सरोकार नभएका कुनै पनि व्यक्तिद्वारा गर्न सकिनेछ ।

3. तपाईं वा तपाईंको योग्य विद्यार्थीलाई उठान गरिएका मामिलाहरूसँग सम्बन्धित प्रमाणहरू प्रस्तुत गर्नका लागि अनिवार्य रूपमा पूर्ण र उचित अवसर दिइनुपर्छ र तपाईंको आफ्नै खर्चमा अटर्नीलगायत तपाईंको रोजाइका व्यक्तिहरूद्वारा सहयोग वा प्रतिनिधित्व गर्न सकिनेछ ।

4. स्कुल डिस्ट्रिक्टले सुनुवाइको समाप्तिपछि अनिवार्य रूपमा 30 दिनभित्र आफ्नो निर्णय लिखितमा दिनुपर्छ; **र**

5. स्कुल डिस्ट्रिक्टको निर्णय अनिवार्य रूपमा सुनुवाइमा प्रस्तुत गरिएका प्रमाणहरूमा मात्र आधारित हुनुपर्छ र निर्णयमा अनिवार्य रूपमा प्रमाणहरूको सारांश र निर्णयका लागि कारणहरू समावेश हुनुपर्छ ।

यदि सुनुवाइको परिणामस्वरूप स्कुल डिस्ट्रिक्टले जानकारी सही छ र त्यसले तपाईंको बच्चाको गोपनीयता उल्लङ्घन गर्दैन भनेर निर्णय गर्छ तर तपाईं त्यसमा सहमत हुनुहुन्न भने तपाईंसँग रेकर्डमा बयान दिने अधिकार हुन्छ । यद्यपि, सुनुवाइको परिणामस्वरूप स्कुल डिस्ट्रिक्टले तपाईंको बच्चाको फाइलमा भएको जानकारी गलत छ भनेर निर्णय गर्छ भने स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा सो जानकारीलाई हटाउनुपर्छ र तपाईंलाई लिखितमा जानकारी गराउनुपर्छ ।

तपाईंको बच्चाका रेकर्डहरूमा राखिएका सबै निर्णयहरूलाई स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा तपाईंको बच्चाका रेकर्डहरूको हिस्सामा सम्हालेर राख्नुपर्छ । यदि स्कुल डिस्ट्रिक्टले तपाईंको बच्चाका विवाद भएको रेकर्डहरू कुनै पक्षलाई खुलासा गर्छ भने सो पक्षलाई निर्णयका बारेमा पनि अनिवार्य रूपमा खुलासा गरिनुपर्छ स्कुल ।

### कानुन कार्यान्वयन गराउने तथा न्यायिक निकायहरूमा रेफरल र उनीहरूको कार्यवाही र रेकर्डहरूको प्रसारण

34 CFR 300.535(a) & (b); ARSD 24:05:26:15

स्कुल डिस्ट्रिक्टले अपाङ्गता भएको बच्चाले गरेको अपराध उपयुक्त निकायहरूमा रिपोट गर्न सक्नेछ । IDEA मा कुनै पनि कुराले अपाङ्गता भएको बच्चाले गरेको अपराधहरूमा सङ्घीय तथा राज्यको कानुन लागू गर्नका लागि राज्यका कानुन कार्यान्वयन गराउने तथा न्यायिक निकायहरूलाई आफ्ना जिम्मेवारी प्रयोग गर्नबाट रोक्दैन ।

अपाङ्गता भएको बच्चाले गरेको अपराध रिपोर्ट गर्ने स्कुल डिस्ट्रिक्टले आफूले अपराधका बारेमा रिपोर्ट गरेको उपयुक्त निकायहरूद्वारा सोचविचार गरिनका लागि बच्चाका विशेष शिक्षा र अनुशासनात्मक कार्यवाहीका रेकर्डहरूका प्रतिहरू उपलब्ध गराउनेछ तर FERPA द्वारा अनुमति प्रदान गरिने सीमासम्म मात्र त्यसो गर्नेछ ।

## बालबालिकालाई आफ्ना अभिभावकहरूद्वारा निजी स्कुलमा स्थापन (प्लेसमेन्ट)

### यदि FAPE चिन्ताको कुरा होइन भने अभिभावकहरूद्वारा निजी स्कुलहरूमा राखिएका बालबालिका

34 CFR 300.504(a) & (b); ARSD 24:05:30:06.01

यदि तपाईंले आफ्नो बच्चालाई निजी स्कुल वा फसिलिटीमा राख्नुभयो र FAPE को प्रावधानका बारेमा कुनै पनि विवाद छैन भने तपाईंको स्थापनको निर्णय ऐच्छिक हुन्छ । यदि स्कुल डिस्ट्रिक्टले स्कुल डिस्ट्रिक्टभित्र तपाईंको बच्चाका लागि FAPE उपलब्ध गराएको थियो भने स्कुल डिस्ट्रिक्टले विशेष शिक्षा वा तपाईंको बच्चाको निजी शिक्षाका अन्य खर्चहरूका लागि भुक्तानी गर्नुपर्दैन । यद्यपि, सार्वजनिक स्कुलहरूको आफ्नो भौगोलिक सीमाहरूभित्र अवस्थित निजी स्कुलहरूमा अध्ययनरत स्वेच्छिक रूपमा राखिएका अपाङ्गता भएका विद्यार्थीहरूको सम्बन्धमा निश्चित कामकर्तव्य हुन्छन् ।

यदि तपाईंको बच्चाको निजी स्कुलले IDEA वा राज्यको निजी स्कुलको परिभाषालाई पूरा गर्छ भने निजी स्कुल अवस्थित रहेको सार्वजनिक स्कुलले अनिवार्य रूपमा:

1. अभिभावकद्वारा निजी स्कुलमा राखिएका बालबालिकाको जनसङ्ख्यामा तपाईंको बच्चालाई गणना गर्नुपर्छ ।

2. तपाईंको सहमतिमा IDEA द्वारा आवश्यक गराइएको तपाईंको बच्चाका आवधिक पुनर्मूल्याङ्कन गर्नुपर्छ ।

3. IDEA को भाग B फण्डको समानुपातिक हिस्सालाई तपाईंको बच्चा लगायत अभिभावकद्वारा निजी स्कुलमा राखिएका बालबालिकालाई विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूमा समतामूलक तरिकामा कसरी खर्च गर्ने भन्ने सम्बन्धमा राय प्राप्त गर्नका लागि तपाईं र तपाईंको निजी स्कुलसँग परामर्श गर्नुपर्छ ।

4. निजी स्कुलका अधिकारीहरू र अभिभावकद्वारा निजी स्कुलमा राखिएका बालबालिकाका अभिभावकहरूका प्रतिनिधिहरूसँग परामर्श गरिसकेपछि अभिभावकद्वारा निजी स्कुलमा राखिएका अपाङ्गता भएका योग्य बालबालिकालाई उपलब्ध गराइनुपर्ने सेवाहरूको सम्बन्धमा अन्तिम निर्णयहरू लिनुपर्छ ।

अभिभावकद्वारा निजी स्कुलमा भर्ना गराइएका अपाङ्गता भएका बालबालिकाले कुन-कुन सेवाहरू र कति मात्रामा सेवाहरू प्राप्त गर्नेछन् भन्ने बारेमा निर्णयहरू परामर्श प्रक्रियामार्फत गरिन्छ र सेवाहरू प्राप्त गर्नका लागि तोकिएका बालबालिकाका आवश्यकताहरूका आधारमा हुन्छन् । अभिभावकद्वारा निजी स्कुलमा राखिएका बालबालिकासँग सार्वजनिक स्कुलमा भर्ना गरिएको खण्डमा प्राप्त गर्न सक्ने केही वा सबै विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गर्ने व्यक्तिगत अधिकार हुँदैन ।

## यदि FAPE चिन्ताको कुरा हो भने अभिभावकहरूद्वारा निजी स्कुलहरूमा राखिएका बालबालिका

34 CFR 300.148; ARSD 24:05:31:05

तपाईंको बच्चाका लागि उपयुक्त कार्यक्रमको उपलब्धता र निजी स्कुलको स्थापनका लागि भुक्तानीको प्रश्नको सम्बन्धमा तपाईं र स्कुल डिस्ट्रिक्टका बीचमा हुने असहमतिहरूका बारेमा उचित प्रक्रिया सुनुवाइमा निर्णय गर्न सकिनेछ । यदि सुनुवाइ अधिकारी वा अदालतले सार्वजनिक स्कुलले तपाईंको बच्चालाई FAPE उपलब्ध नगराएको र निजी स्थापन उचित छ भन्ने पाएमा सुनुवाइ अधिकारी वा अदालतले तपाईंको बच्चाको स्कुल डिस्ट्रिक्ट (जहाँ तपाईं बसोबास गर्नुहुन्छ) लाई निजी स्कुलमा लागेको खर्च तपाईंलाई सोधभर्ना गरिदिन आवश्यक गराउन सक्छ । स्थापन (प्लेसमेन्ट) ले सार्वजनिक स्कुलद्वारा उपलब्ध गराइने शिक्षामा राज्यका मापदण्डहरू पूरा नगरेको भएतापनि सुनुवाइ अधिकारी वा अदालतले तपाईंको स्थापनलाई उचित भएको पाउन सक्छन् ।

निम्न अवस्थाहरूमा सुनुवाइ अधिकारी वा अदालतले सोधभर्ना रकमहरूलाई अस्वीकृत गर्न वा घटाउन सकिनेछ:

1. आफ्नो बच्चालाई निजी स्कुलमा राख्नुभन्दा पहिले तपाईं सहभागी सबैभन्दा पछिल्लो IEP टोली बैठकमा तपाईंले IEP टोलीलाई आफ्ना चिन्ताका कुराहरू र सार्वजनिक खर्चमा आफ्नो बच्चालाई निजी स्कुलमा भर्ना गर्ने तपाईंको मनसाय उल्लेख गर्नेलगायत आफ्नो बच्चालाई FAPE उपलब्ध गराउने स्कुल डिस्ट्रिक्टको प्रस्तावित स्थापनसँग तपाईं सहमत नभएको कुरा बताउनुभएन; **वा** त्यसको विकल्पमा, सार्वजनिक स्कुलबाट आफ्नो बच्चालाई निकाल्नुभन्दा पहिले (कार्यालय दिनमा पर्ने सबै बिदाका दिनहरूसहित) कम्तीमा पनि दश (10) कार्यालय दिनमा तपाईंले आफ्ना चिन्ताका कुराहरू र सार्वजनिक खर्चमा आफ्नो बच्चालाई निजी स्कुलमा भर्ना गर्ने तपाईंको मनसाय उल्लेख गर्नेलगायत स्कुल डिस्ट्रिक्टद्वारा प्रस्तावित स्थापनसँग तपाईंको असहमतिका बारेमा स्कुल डिस्ट्रिक्टलाई लिखित सूचना दिनुभएन; **वा**

2. तपाईंको बच्चाले सार्वजनिक स्कुलमा अध्ययन गर्न रोक्नुभन्दा पहिले स्कुल डिस्ट्रिक्टले तपाईंलाई तपाईंको बच्चाको मूल्याङ्कन गर्न आफ्नो प्रस्तावको पूर्व लिखित सूचना उपलब्ध गराउनुका साथै त्यसमा मूल्याङ्कनको प्रयोजनको कथन समावेश गरेको थियो तर तपाईंले स्कुल डिस्ट्रिक्टद्वारा गरिने उचित र मनासिब मूल्याङ्कनका लागि आफ्नो बच्चालाई उपलब्ध गराउनुभएन; **वा**

3. सुनुवाइ अधिकारी वा अदालतले तपाईंले अनुचित रूपमा कार्य गर्नुभएको थियो भनेर न्यायिक निष्कर्ष निकालेका छन् ।

यद्यपि, निम्न अवस्थाहरूमा तपाईं आफ्नो असहमति र आफ्नो बच्चालाई निजी स्कुलमा भर्ना गर्ने मनसायको अनिवार्य सूचना स्कुल डिस्ट्रिक्टलाई उपलब्ध गराउन असफल भएको कारणका लागि सोधभर्नाको खर्चलाई घटाइने वा अस्वीकृत गरिने छैन:

1. स्कुलले तपाईंलाई सूचना उपलब्ध गराउनबाट रोकेको थियो;
2. स्कुल डिस्ट्रिक्टलाई सूचना उपलब्ध गराउनुपर्ने तपाईंको जिम्मेवारीका बारेमा तपाईंलाई जानकारी गराउने तपाईंको साउथ डकोटाको अभिभावकीय अधिकार तथा प्रक्रियागत सुरक्षाहरू आवश्यक गराएअनुसार तपाईंलाई दिइएको थिएन; **वा**
3. तपाईंले सूचनामा भएका आवश्यकताहरू पूरा गर्दा त्यसले तपाईंको बच्चामा शारीरिक हानि हुने सम्भावना रहेको छ ।

यसका अतिरिक्त निम्न अवस्थाहरूमा तपाईं सूचनाका आवश्यकताहरू पूरा गर्न असफल भएको कारणका लागि सुनुवाइ अधिकारी वा अदालतको स्वविवेकमा सोधभर्नाको खर्च घटाउन वा अस्वीकृत गर्न सकिने छैन:

1. तपाईं साक्षर हुनुहुन्न वा अंग्रेजी भाषामा लेख्न सक्नुहुन्न; **वा**
2. तपाईंले सूचनामा भएका आवश्यकताहरू पूरा गर्दा त्यसले तपाईंको बच्चामा गम्भीर भावनात्मक हानि हुने सम्भावना रहेको छ ।

# अपाङ्गता भएका विद्यार्थीहरूको अनुशासनात्मक कार्यवाही

## अपाङ्गता भएका विद्यार्थीहरूको अनुशासनात्मक कार्यवाही

General Authority 34 CFR 300.530(a)-(d); ARSD 24:05:26:02.02; ARSD 24:05:26:02.01

अपाङ्गता भएको तपाईंको बच्चाले विद्यार्थी आचारसंहिता उल्लङ्घन गर्दा स्कुलको कर्मचारीले तपाईंको बच्चालाई उनको अहिले स्थापनबाट हटाएर उपयुक्त ***अन्तरिम वैकल्पिक शैक्षिक वातावरण (IAES)*** वा अर्को वातावरणमा राख्न सक्छन् वा तपाईंको बच्चालाई **लगातार 10 *स्कुल दिन*भन्दा बढी समय नहुनेगरी** निलम्बन गर्न सक्छन् र यी सजायहरू अपाङ्गता नभएका बालबालिकामा लागू हुने हदसम्म हुन्छन् । गलत आचरणका छुट्टै घटनाहरुका लागि सोही शैक्षिक वर्षमा लगातार 10 स्कुल दिनभन्दा बढी नहुने थप हटाउने कार्यहरू स्थापनमा परिवर्तन नहुँदासम्म ती हटाउने कार्यहरू भइरहन सक्छन् (तल **अनुशासनात्मक कार्यवाहीले गर्दा हुने स्थापनमा परिवर्तन** हेर्नुहोस्) ।
स्थापनमा परिवर्तन नहुनेगरी **एकै शैक्षिक वर्षमा 10 स्कुल दिनभन्दा बढी हटाउने कार्य**को कुनै पनि दिनका लागि स्कुलका कर्मचारीले बच्चाका शिक्षकहरूमध्ये कम्तीमा पनि एकजनाको परामर्शमा भिन्न वातावरणमा भएतापनि सामान्य शिक्षा पाठ्यक्रममा सहभागी हुन जारी राख्नका निम्ति बच्चालाई सक्षम बनाउन र बच्चाको IEP मा तय गरिएका लक्ष्यहरू पूरा गर्नका निम्ति अगाडि बढ्नका लागि सेवाहरूको आवश्यक पर्ने हद अनिवार्य रूपमा निर्धारण गर्नुपर्छ । स्कुल डिस्ट्रिक्टले बच्चाका शिक्षकहरूमध्ये कम्तीमा पनि एकजनाको परामर्शमा स्कुलका कर्मचारीद्वारा निर्धारित सेवाहरू तपाईंको बच्चालाई अनिवार्य रूपमा उपलब्ध गराउनुपर्छ ।

तपाईंको बच्चाले विद्यार्थी आचारसंहिताको कुनै संहिता उल्लङ्घन गर्दा तपाईंको बच्चाका लागि स्थापनमा परिवर्तन उचित हुन्छ कि हुँदैन भनेर निर्धारण गर्दा स्कुलका कर्मचारीले केस अनुसारका विशिष्ट परिस्थितिहरूलाई ध्यानमा राख्न सक्नुहुनेछ । अनुशासनात्मक कार्यवाहीअनुसार स्थापनमा परिवर्तन उचित छ कि छैन भनेर केसअनुसार निर्धारण गर्दा तपाईंको बच्चाका अनुशासनात्मक कार्यवाहीहरूको इतिहास, परिणामहरू बुझ्ने क्षमता, पछुतोको अभिव्यक्ति र स्कुलको संहिता उल्लङ्घन गर्नुभन्दा पहिले तपाईंको बच्चालाई उपलब्ध गराइएका सहायताहरू जस्ता कारकतत्वहरू स्कुलका कर्मचारीले ध्यानमा राख्ने विशिष्ट परिस्थितिहरू हुन सक्छन् ।

## अनुशासनात्मक कार्यवाहीले गर्दा हुने स्थापनमा परिवर्तन

34 CFR 300.536, 34 CFR 300.530(h) ARSD 24:05:26:02.01; 34 CFR 300.530(h)

निम्न अवस्थाहरूमा तपाईंको बच्चालाई उनको हालको शैक्षिक स्थापनबाट हटाउने कार्यलाई **स्थापनमा परिवर्तन** भनिन्छ:

1. हटाउने कार्य लगातार 10 स्कुल दिनभन्दा बढी छ; **वा**
2. तपाईंको बच्चालाई निरन्तर नै हटाउनु परिरहेको छ जो ढाँचा नै बनेको छ किनभने:
    a. निरन्तर हटाउने कार्यहरू शैक्षिक वर्षमा कुल 10 स्कुल दिनभन्दा बढी भएका छन्;
    b. तपाईंको बच्चाको व्यवहार उल्लेख्य रूपमा पहिलेका घटनाहरूमा देखिएका उनको व्यवहार जस्तै छन् जसको परिणामस्वरूप उनलाई धेरै पटक हटाइएको थियो; **र**
    c. प्रत्येक हटाउने कार्यको समयावधि, बच्चालाई हटाइएको कुल समय र हटाउने कार्यहरूको बीचमा अन्तराल जस्ता थप कारकतत्वहरू ।

स्कुल डिस्ट्रिक्टले हटाउने कार्यहरूको ढाँचाले केसअनुसार स्थापनमा परिवर्तन हुन्छ कि हुँदैन भनेर निर्धारण गर्छ । स्कुल डिस्ट्रिक्टले स्थापनमा परिवर्तन हुने तरिकामा आचारसंहिताको उल्लङ्घनमा तपाईंको बच्चा हटाउने निर्णय गर्छ भने स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा तपाईंलाई सोही दिन सूचित गर्नुपर्छ र यो प्रक्रियागत सुरक्षाको सूचना उपलब्ध गराउनुपर्छ । हटाउने कार्य स्थापनमा परिवर्तन हो कि होइन भन्ने यो निर्धारणको उचित प्रक्रिया सुनुवाइ र न्यायिक कार्यवाहीहरूमार्फत पुनरावलोकन गर्न सकिन्छ ।

अनुशासनात्मक कार्यवाहीको परिणामस्वरूप तपाईंको बच्चाको स्थापनमा परिवर्तन गराउनुभन्दा पहिले IEP टोलीले अनिवार्य रूपमा प्रकटीकरण निर्धारण बैठक आयोजित गर्नुपर्छ ।

## प्रकटीकरण निर्धारण र सम्भावित परिणामहरू

34 CFR 300.530(c) and (e); ARSD 24:05:26:09.03; 34 CFR 300.531; ARSD 24:05:26:09.02

विद्यार्थीको आचारसंहिताको उल्लङ्घनको कारणले गर्दा तपाईंको बच्चाको स्थापनमा परिवर्तन गर्ने कुनै पनि निर्णय गरिएको **10 स्कुल दिनभित्र** (तपाईं र स्कुल डिस्ट्रिक्टले निर्धारण गरेअनुसार) तपाईंको बच्चाको IEP टोलीले निम्न निर्धारण गर्नका लागि तपाईंको बच्चाको फाइलमा भएका सबै सम्बन्धित जानकारीसहित उनको IEP, कुनै पनि शिक्षकका अवलोकनहरू र तपाईंले उपलब्ध गराउनुभएको कुनै पनि सम्बद्ध जानकारीको अनिवार्य रूपमा समीक्षा गर्नुपर्छ:

1. विवादमा रहेको आचरण विद्यार्थीको अपाङ्गताले गर्दा भएको थियो कि थिएन वा त्यसको विद्यार्थीको अपाङ्गतासँग प्रत्यक्ष तथा वास्तविक सम्बन्ध थियो कि थिएन; **वा**

2. विवादमा रहेको आचरण तपाईंको बच्चाको IEP कार्यान्वयन गर्ने स्कुल डिस्ट्रिक्टको असफलताको प्रत्यक्ष परिणाम थियो कि थिएन ।

यदि तपाईंको बच्चाको IEP टोलीले (1) वा (2) मध्ये कुनै एकलाई पूरा गरिएको थियो भनेर निर्धारण गर्छ भने सो आचरण तपाईंको विद्यार्थीको अपाङ्गताको कारणले गर्दा भएको हो ।

यदि आचारसंहिताको उल्लङ्घन तपाईंको बच्चाको अपाङ्गताको कारणले गर्दा भएको थियो भने स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा ती कमीकमजोरीहरूलाई समाधान गर्नका लागि तत्कालै आवश्यक कदमहरू चाल्नुपर्छ । यसका अतिरिक्त, IEP टोलीले अनिवार्य रूपमा:

1. स्कुल डिस्ट्रिक्टले FBA नगरेको भएसम्म ***कार्यात्मक व्यवहार मूल्याङ्कन (FBA)*** गर्नुपर्छ र तपाईंको बच्चा लागि ***व्यवहारजन्य सहयोग योजना (BIP)*** लागू गर्नुपर्छ; **वा**
2. यदि BIP पहिले नै तयार गरिएको थियो भने BIP को समीक्षा गरेर व्यवहारलाई सम्बोधन गर्नका लागि आवश्यकता अनुसार त्यसलाई परिमार्जित गर्नुपर्छ; **र**
3. "विशेष परिस्थितिहरू" का मामिलाहरू (अर्थात् हातहतियार, लागूपदार्थ, गम्भीर शारीरिक चोटपटक) मा व्यवस्था भएकोमा बाहेक तपाईंको बच्चाको BIP को परिमार्जनको हिस्साको रूपमा तपाईं र स्कुल डिस्ट्रिक्ट सहमत नहुँदासम्म तपाईंको बच्चालाई अनिवार्य रूपमा उनको सुरुको स्थापनमा फिर्ता पठाइनुपर्छ ।

कृपया ध्यान दिनुहोस्: तपाईंको बच्चा स्कुलमा भएको कुनै पनि विद्यार्थी सरह समान अनुशासनात्मक कार्यवाही र नियमहरूको अधिनमा रहन्छन् र उनले IEP मा वर्णन गरिएका सेवाहरू प्राप्त गर्न जारी राख्नेछन् तर ती सेवाहरू सोही स्थानमा नहुन सक्नेछन् ।

यदि आचारसंहिताको उल्लङ्घन तपाईंको बच्चाको अपाङ्गताको कारणले गर्दा भएको थिएन भने (तपाईंको बच्चालाई अनिवार्य रूपमा सेवाहरू उपलब्ध गराइनुपर्ने बाहेक) तपाईंको बच्चालाई अपाङ्गता नभएका बालबालिकालाई झैं समान तरिका र समान समयावधिका लागि अनुशासनात्मक कार्यवाही गर्न सकिनेछ । हटाउने भनेको स्थापनमा परिवर्तन हुने भएकोले IEP टोलीले अनिवार्य रूपमा:

1. व्यवहारसम्बन्धी उल्लङ्घन फेरि नहोस् भन्नका लागि तपाईंको बच्चाले त्यस्तो उल्लङ्घनलाई सम्बोधन गर्न तयार गरिएका उचित, FBA र व्यवहारजन्य सहयोग सेवा तथा परिमार्जनहरू प्राप्त गर्छन् भनेर सुनिश्चित गर्नुपर्छ;
2. भिन्न वातावरणमा भएतापनि सामान्य शिक्षा पाठ्यक्रममा सहभागी हुन जारी राख्नका निम्ति बच्चालाई सक्षम बनाउन र बच्चाको IEP मा तय गरिएका लक्ष्यहरू पूरा गर्नका निम्ति अगाडि बढ्नका लागि उपलब्ध गराइनुपर्ने सेवाहरूका बारेमा निर्णय गर्नुपर्छ; **र**
3. तपाईंको बच्चालाई सेवाहरू प्रदान गर्नका लागि अन्तरिम वैकल्पिक शैक्षिक वातावरणका बारेमा निर्णय गर्नुपर्छ ।

## विशेष परिस्थिति र सम्भावित परिणामहरू

34 CFR 300.530(g); 34 CFR 300.531; ARSD 24:05:26:09.02

तपाईंको बच्चाको व्यवहार तपाईंको विद्यार्थीको अपाङ्गताको कारणले गर्दा भएको हो भनेर निर्धारण गरिएको भएतापनि तपाईंको बच्चाले निम्न गरेको अवस्थाहरूमा स्कुलका कर्मचारीले तपाईंको बच्चालाई हटाएर **45 स्कुल दिन**भन्दा बढी नहुनेगरी अन्तरिम वैकल्पिक शिक्षा वातावरण (IAES) मा राख्न सक्नुहुनेछ:

1. स्कुल, स्कुल परिसर वा स्कुलको कार्यक्रममा हतियार बोकेमा वा साथमा राखेमा;
2. स्कुल, स्कुल परिसर वा स्कुलको कार्यक्रममा हुँदा जानाजानी गैरकानुनी लागूपदार्थ साथमा राखेमा वा प्रयोग गरेमा वा नियन्त्रित वस्तु बिक्री गरेमा वा त्यस्तो वस्तुको बिक्रीमा सहायता गरेमा; **वा**
3. स्कुल, स्कुल परिसर वा स्कुलको कार्यक्रममा हुँदा अर्को व्यक्तिलाई गम्भीर शारीरिक चोटपटक लगाएमा ।

**यी विशेष परिस्थितिहरूको कारणले गर्दा बच्चाको स्थापनमा परिवर्तन गर्नुभन्दा पहिले IEP टोलीले अनिवार्य रूपमा:**

1. व्यवहारसम्बन्धी उल्लङ्घन फेरि नहोस् भन्नका लागि तपाईंको बच्चाले त्यस्तो उल्लङ्घनलाई सम्बोधन गर्न तयार गरिएका उचित, FBA र व्यवहारजन्य सहयोग सेवा तथा परिमार्जनहरू प्राप्त गर्छन् भनेर सुनिश्चित गर्नुपर्छ;

2. भिन्न वातावरणमा भएतापनि सामान्य शिक्षा पाठ्यक्रममा सहभागी हुन जारी राख्नका निम्ति बच्चालाई सक्षम बनाउन र बच्चाको IEP मा तय गरिएका लक्ष्यहरू पूरा गर्नका निम्ति अगाडि बढ्नका लागि उपलब्ध गराइनुपर्ने सेवाहरूका बारेमा निर्णय गर्नुपर्छ; **र**
3. तपाईंको बच्चालाई सेवाहरू प्रदान गर्नका लागि अन्तरिम वैकल्पिक शैक्षिक वातावरणका बारेमा निर्णय गर्नुपर्छ ।

यदि व्यवहार बच्चाको अपाङ्गताको कारणले गर्दा भएको थिएन भनेर निर्धारण भने बच्चालाई प्रकटीकरण निर्धारणअन्तर्गत माथि वर्णन गरिएअनुसार अपाङ्गता नभएका बालबालिकालाई झैं समान तरिका र समान समयावधिका लागि अनुशासनात्मक कार्यवाही गर्न सकिनेछ ।

माथिका मामिलाहरूका बारेमा थप जानकारीका लागि कृपया परिशिष्टमा परिभाषाहरू हेर्नुहोस् ।

## अपाङ्गता भएका विद्यार्थीहरूको अनुशासनात्मक कार्यवाहीको सम्बन्धमा उचित प्रक्रिया सुनुवाइ उजुरी

34 CFR 300.532(a); ARSD 24:05:26:09.06; 34 CFR 300.532(b); ARSD 24:05:26:08.02; 34 CFR 300.532(c); ARSD 24:05:26:09.08; 34. CFR 300.533; ARSD 24:05:26:09.07

यदि तपाईं IDEA को अनुशासनात्मक प्रक्रियाहरूअन्तर्गत प्रकटीकरण निर्धारण **वा** आफ्नो बच्चाको स्थापनसम्बन्धी कुनै पनि निर्णयसँग असहमत हुनुहुन्छ भने तपाईंले उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गराएर सुनुवाइ अनुरोध गर्न **सक्नुहुनेछ** ।

यसका अतिरिक्त, यदि स्कुल डिस्ट्रिक्टलाई तपाईंको बच्चाको अहिलेकै स्थापन कायम राख्दा त्यसले तपाईंको बच्चा वा अरूहरूलाई चोटपटक लगाउने उल्लेख्य सम्भावना छ भन्ने लाग्छ भने स्कुल डिस्ट्रिक्टले उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गराएर सुनुवाइ अनुरोध गर्न **सक्नेछ** ।

सुनुवाइ अधिकारीले IDEA को अनुशासनात्मक कार्यवाहीको पुनरावेदन खण्डअन्तर्गत अनुरोध गरिएको पुनरावेदनको सम्बन्धमा सुनुवाइ गरेर निर्णय गर्नुहुन्छ । सुनुवाइ अधिकारीले:

1. यदि सुनुवाइ अधिकारीले हटाउने कार्य अनुशासनात्मक कार्यवाहीहरूको उल्लङ्घन थियो वा तपाईंको बच्चाको व्यवहार बच्चाको अपाङ्गताको कारणले गर्दा भएको थियो भनेर निर्धारण गरेमा तपाईंको बच्चालाई सुरुको स्थापनमा फिर्ता पठाउन सक्नुहुनेछ; **वा**
2. यदि सुनुवाइ अधिकारीले तपाईंको बच्चाको अहिलेकै स्थापन कायम राख्दा त्यसले तपाईंको बच्चा वा अरूहरूलाई चोटपटक लगाउने उल्लेख्य सम्भावना छ भनेर निर्धारण गरेमा 45 स्कुल दिनभन्दा बढी नहुनेगरी तपाईंको बच्चाको स्थापनलाई अन्तरिम वैकल्पिक शिक्षा वातावरणमा परिवर्तन गर्न आदेश दिन सक्नुहुनेछ ।

यदि स्कुल डिस्ट्रिक्टलाई तपाईंको बच्चालाई सुरुको स्थापनमा फिर्ता ल्याउँदा उनले आफू वा अन्य बच्चाहरूलाई चोटपटक लगाउने उल्लेख्य सम्भावना छ भन्ने लाग्छ भने स्कुल डिस्ट्रिक्टले अर्को 45-स्कुल दिनको अवधिका लागि स्थापनमा परिवर्तन बढाउनका लागि सुनुवाइ अनुरोध गर्ने प्रक्रिया दोहोराउन सक्नेछ ।

IDEA को अनुशासनात्मक कार्यवाहीको पुनरावेदन खण्डअन्तर्गत सुनुवाइ अनुरोध गरिँदा तपाईं वा विवादमा सम्मिलित स्कुल डिस्ट्रिक्टसँग अनिवार्य रूपमा छिटो निष्पक्ष उचित प्रक्रिया सुनुवाइको अवसर हुन्छ । तिनीहरूलाई **अतिशीघ्र गरिएका उचित प्रक्रिया सुनुवाइहरू** भनिन्छ ।
निष्पक्ष सुनुवाइ अधिकारी नियुक्त गर्नका लागि राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालय जिम्मेवार हुन्छ । अतिशीघ्र गरिएको उचित प्रक्रिया सुनुवाइका लागि व्यवस्था मिलाउने जिम्मेवारी सुनुवाइ अधिकारी हुन्छ जुन सुनुवाइ अनुरोध दर्ता गरेको मितिबाट अनिवार्य रूपमा 20 स्कुल दिनभित्र हुनुपर्छ । सुनुवाइ अधिकारीले अनिवार्य रूपमा सुनुवाइको मितिपछिको 10 स्कुल दिनभित्र निर्णय लिनुपर्छ ।

तपाईं र स्कुल डिस्ट्रिक्टले समाधान बैठक नबोलाउने भनेर लिखितमा सहमति नजनाएको भएसम्म वा मध्यस्थता प्रक्रिया प्रयोग गर्ने भनेर सहमति नजनाएसम्म;

1. उचित प्रक्रिया सुनुवाइ उजुरीको सूचना प्राप्त गरिएको सात दिनभित्र अनिवार्य रूपमा समाधान बैठक बस्नुपर्छ; **र**

2. उचित प्रक्रिया सुनुवाइ उजुरी प्राप्त गरिएको 15 दिनभित्र मामिला समाधान भइसकेको नभएसम्म उचित प्रक्रिया सुनुवाइ अगाडि बढ्न सक्नेछ ।

तपाईं वा स्कुल डिस्ट्रिक्टले अन्य उचित प्रक्रिया सुनुवाइहरूका निर्णयहरूमा पुनरावेदन गरिने तरिकामै अतिशीघ्र गरिएको उचित प्रक्रिया सुनुवाइमा सुनुवाइ अधिकारीको निर्णयको विरुद्धमा पुनरावेदन दिन सक्नुहुनेछ ।

अभिभावक वा स्कुल डिस्ट्रिक्टमध्ये कसैले पनि IDEA को अनुशासनात्मक कार्यवाहीको पुनरावेदन खण्डअन्तर्गत सुनुवाइ अनुरोध गर्दा विशेष परिस्थितिहरू नहुँदासम्म र/वा तपाईं तथा स्कुल डिस्ट्रिक्टले अन्य तरिकामा सहमति जनाउनु भएको छैन भने पुनरावेदनको समाधान नहुँदासम्म बच्चा अनिवार्य रूपमा ***अन्तरिम वैकल्पिक शिक्षा वातावरण***मा रहनुपर्छ ।

## योग्य नरहेका भनेर निर्धारण गरिएका बालबालिकाका लागि संरक्षणहरू

34 CFR 300.534; ARSD 24:05:26:14

आचारसंहिता उल्लङ्घन गरेको तर विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूका लागि योग्य रहेको भनेर अहिलेसम्म निर्धारण गरिनसकिएको बच्चाले स्कुल डिस्ट्रिक्टलाई सो बच्चा अपाङ्गता भएको बच्चा हुन सक्ने कुरा थाहा भएको खण्डमा IDEA का कुनै पनि संरक्षणहरू दाबी गर्न सक्छन् ।

IDEA का संरक्षणहरू विस्तार गर्ने प्रयोजनहरूका लागि निम्न अवस्थाहरूमा अनुशासनात्मक कार्यवाहीको परिणाम ल्याउने व्यवहार हुनुभन्दा पहिले स्कुल डिस्ट्रिक्टलाई बच्चा सम्भवतः अपाङ्गता भएको बच्चा हो भनेर थाहा छ भनी अनुमान गरिन्छ:

1. तपाईंले आफ्नो बच्चालाई विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू आवश्यक पर्छ भनेर सुपरिवेक्षण, प्रशासनिक कर्मचारी र आफ्नो बच्चाको शिक्षकलाई लिखितमा चिन्ताको कुरा व्यक्त गर्नुभएको थियो;
2. तपाईंले आफ्नो बच्चाका लागि मूल्याङ्कन अनुरोध गर्नुभएको थियो; **वा**
3. तपाईंको बच्चाको शिक्षक वा स्थानीय शैक्षिक एजेन्सी (LEA) को अन्य कर्मचारीले स्कुल डिस्ट्रिक्टको विशेष शिक्षाका निर्देशक वा स्कुल डिस्ट्रिक्टका अन्य सुपरिवेक्षण कर्मचारीहरूलाई तपाईंको बच्चाले देखाउने व्यवहारको स्वरूपका बारेमा प्रत्यक्ष रूपमा निश्चित चिन्ताका कुरा व्यक्ति गर्नुभएको थियो ।

यदि तपाईंले आफ्नो बच्चाको मूल्याङ्कन गर्न दिनुभएन वा तपाईंले आफ्नो बच्चाले IDEA को भाग B अन्तर्गत विशेष शिक्षा वा सम्बन्धित सेवाहरू प्राप्त गर्नका लागि सहमति प्रदान गर्न अस्वीकृत गर्नुभयो वा तपाईंको बच्चाको पहिले मूल्याङ्कन गरिएको थियो र उनी IDEA को भाग B अन्तर्गत अपाङ्गता भएको बच्चा नभएको भनेर निर्धारण गरिएको थियो भने स्कुल डिस्ट्रिक्टलाई तपाईंको बच्चा अपाङ्गता भएको बच्चा हो भनेर थाहा छ भनी अनुमान लगाउन सकिन्न ।

यदि तपाईंको बच्चालाई अनुशासनात्मक कार्यवाही गर्नुभन्दा पहिले स्कुल डिस्ट्रिक्टलाई बच्चा सम्भवतः अपाङ्गता भएको बच्चा हो भनेर थाहा थिएन भने IDEA का संरक्षणहरू तपाईंको बच्चामा विस्तार हुँदैनन् । त्यसको साटोमा आचारसंहिताको उल्लङ्घन गर्दा अपाङ्गता नभएका बालबालिकाले प्राप्त गर्ने नियमित अनुशासनात्मक कार्यवाही तपाईंको बच्चामा पनि लागू हुन्छ । यद्यपि, यदि अनुशासनात्मक कार्यवाहीको अवधिमा तपाई वा स्कुल डिस्ट्रिक्टद्वारा तपाईंको बच्चाको मूल्याङ्कन गरिदिनका लागि अनुरोध गरिएमा स्कुल डिस्ट्रिक्टले अतिशीघ्र गरिने तरिकामा अनिवार्य रूपमा मूल्याङ्कन पूरा गर्नुपर्छ । यस **अतिशीघ्र गरिएको मूल्याङ्कन** अवधिमा मूल्याङ्कन पूरा नहुँदासम्म तपाईंको बच्चा स्कुलका अधिकारीहरूद्वारा निर्धारण गरिएको शैक्षिक स्थापनमा रहिरहनेछन् जसमा शैक्षिक सेवाहरू बिनाको निलम्बन वा निष्कासन पर्न सक्छन् । स्कुल डिस्ट्रिक्टद्वारा गरिएको मूल्याङ्कनबाट प्राप्त जानकारी र तपाईंद्वारा उपलब्ध गराइएको जानकारीलाई ध्यानमा राख्दै अन्तमा गएर तपाईंको बच्चा अपाङ्गता भएको बच्चा हो भनेर निर्धारण गरिएको खण्डमा स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा तपाईंको बच्चालाई अनुशासनात्मक कार्यवाहीका प्रावधान र FAPE का आवश्यकताहरूलगायत IDEA को भाग B का सबै प्रावधानहरूअनुसार विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू उपलब्ध गराउनुपर्छ ।

# राज्य विवाद समाधान प्रक्रियाहरू

## लिखित राज्य उजुरीहरू

34 CFR 300.151; ARSD 24:05:15:02; 34 CFR 300.153; ARSD 24:05:15:03; 34 CFR 300.152; ARSD 24:05:15:05

राज्य उजुरी भनेको राज्यभन्दा बाहिरबाट प्राप्त उजुरीलगायत साउथ डकोटा शिक्षा विभाग र राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालय वा स्कुल डिस्ट्रिक्टले IDEA को भाग B को आवश्यकता वा विशेष शिक्षा कार्यक्रमहरूमा लागू हुने सङ्घीय वा राज्यका विधान वा नियमहरू कार्यान्वयन गर्दा यसको आवश्यकता उल्लङ्घन भएको छ भनेर आरोप लगाएको कुनै व्यक्ति वा संस्थाद्वारा लिखित तथा हस्ताक्षर गरिएको कथन हो । उजुरीले स्थितिका तथ्यहरू पनि अनिवार्य रूपमा समावेश गर्नुपर्छ ।

| | राज्य उजुरी |
|---|---|
| **यो कहिले प्रयोग गरिन्छ** | पब्लिक स्कुल डिस्ट्रिक्ट वा एजेन्सीले IDEA लाई पालना गरेको छैन भन्ने लागेमा र उजुरीकर्ताले राज्य शैक्षिक एजेन्सी (SEA) ले छानबिन गरोस् भनेर अनुरोध गर्दा राज्य उजुरी दर्ता गरिन्छ । |
| **कसले दर्ता गराउन सक्छ** | कुनै पनि व्यक्ति वा संस्थाले राज्य उजुरी दर्ता गराउन सक्छन् । |
| **कसरी दर्ता गर्ने** | राज्य उजुरी दर्ता गराउँदै गरेको पक्षले राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयमा उजुरी दर्ता गराएकै समयमा बच्चालाई सेवा प्रदान गर्ने स्कुल डिस्ट्रिक्टलाई पनि अनिवार्य रूपमा उजुरीको प्रति पठाउनुपर्छ ।<br><br>राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयले राज्य उजुरी दर्ता गर्नमा अभिभावक र अन्य पक्षहरूलाई सहयोग गर्नका लागि नमुना फाराम तयार गरेको छ; यद्यपि, तपाईंले यहीं नमुना फाराम प्रयोग गर्न आवश्यक छैन । प्रयोग गरिने फाराम वा कागजातले राज्य उजुरी दर्ता गराउनका लागि विषयवस्तुसम्बन्धी आवश्यकताहरूलाई राम्रोसँग पूरा गर्दासम्म तपाईंले उपयुक्त नमुना फाराम वा अर्को फाराम वा अन्य कागजात प्रयोग गर्न सक्नुहुनेछ । नमुना फारामहरू https://doe.sd.gov/sped/complaints.aspx मा प्राप्त गर्न सकिनेछ । |
| **परिणाम वा चाहेको नतिजा** | खोजहरू, निष्कर्ष भएको लिखित निर्णय र अन्तिम निर्णय । लागू हुने भएमा डिस्ट्रिक्टले अनिवार्य रूपमा चाल्नुपर्ने सुधारात्मक कार्यहरू पनि समावेश गर्छ । |
| **लाभहरू** | समयसीमा नबढाएको भएसम्म दर्ता गराएपछि 60 क्यालेन्डर दिनभित्र लिखित निर्णय ।<br><br>लिखित राज्य उजुरी तुलनात्मक रूपमा दर्ता गर्न सजिलो छ ।<br><br>यदि निष्कर्षहरू जारी गरिन्छ भने विद्यार्थी वा डिस्ट्रिक्टव्यापी प्रणालीगत मामिलाहरू परिवर्तन हुन सक्नेछन् । |
| **निर्णयकर्ता** | छानबिन पूरा भएको छ र अन्तिम रिपोर्ट जारी गरिएको छ भनेर सुनिश्चित गर्नका लागि राज्य जिम्मेवार हुन्छ । |
| **दर्ता गर्न, बैठक गर्न र निर्णय लिनका लागि समयसीमा** | उजुरीले अनिवार्य रूपमा **विभागद्वारा उजुरी प्राप्त गरिएको मितिबाट एक वर्षभन्दा बढी समय** घटेको उल्लङ्घनको आरोप लगाउनुपर्छ ।<br><br>समयसीमा नबढाएको भएसम्म (समयसीमा 30 दिनभन्दा बढी बढाउन सकिन्न) उजुरी अनुरोध दर्ता गराएको 60 क्यालेन्डर दिनभित्र अनिवार्य रूपमा लिखित निर्णय जारी गरिनुपर्छ । |
| **अनुरोधमा अनिवार्य रूपमा के-के समावेश गरिनुपर्छ ?** | 1. साउथ डकोटा शिक्षा विभाग र राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालय वा स्कुल डिस्ट्रिक्टले IDEA को भाग B को आवश्यकता वा विशेष शिक्षा कार्यक्रममा लागू हुने सङ्घीय वा राज्यका विधान वा नियमहरू कार्यान्वयन गर्दा यसको आवश्यकता उल्लङ्घन भएको छ भन्ने कथन ।<br>2. कथन आधारित रहेका तथ्यहरू; |

| | |
|---|---|
| | 3. उजुरीकर्ताको हस्ताक्षर र सम्पर्क जानकारी; **र**<br>4. यदि निश्चित बच्चाको सम्बन्धमा उल्लङ्घनहरूको आरोप लगाउँदै हो भने:<br><br>(a) बच्चाको नाम र आवास ठेगाना;<br>(b) बच्चाले अध्ययन गरिरहेको स्कुलको नाम;<br>(c) (म्याककिनी-भेन्टो घरवारविहीन सहयोग ऐन (42 U.S.C. 11434a(2) को दफा 725(2) को अर्थभित्र पर्ने) घरवारविहीन बच्चा वा युवाको मामिलामा बच्चाको सम्पर्क जानकारी र बच्चाले अध्ययन गरिरहेको स्कुलको नाम;<br>(d) समस्यासँग सम्बन्धित तथ्यहरूसहित बच्चाको समस्याको प्रकृतिको विवरण; **र**<br>(e) उजुरी दर्ता गर्दाको समयमा पक्षलाई थाहा र उपलब्ध भएको हदसम्म समस्याको प्रस्तावित समाधान । |
| **दर्ता गरिसकेपछि के हुन्छ ?** | राज्यको विशेष शिक्षा कार्यक्रमका राज्य निर्देशकले उजुरीको छानबिन गर्नका लागि उजुरी छानबिनकर्ता र आवश्यक पर्ने कुनै पनि परामर्शदाताहरू नियुक्त गर्नुहुन्छ ।<br><br>आवश्यक परेमा छानबिनकर्ताले घटनास्थलमै स्वतन्त्र छानबिन गर्न सक्नुहुन्छ ।<br><br>छानबिनकर्ताले अनिवार्य रूपमा उजुरीमा भएका आरोपहरूका बारेमा लिखित राज्य उजुरीमा समावेश गरिएभन्दा थप जानकारी मौखिक रूपमा वा लिखितमा पेस गर्नका लागि उजुरीकर्तालाई अनुमति प्रदान गर्नुपर्छ ।<br><br>छानबिनकर्ताले कम्तीमा पनि निम्नलगायत उजुरीमा जवाफ फर्काउन स्कुल डिस्ट्रिक्टलाई अनुमति प्रदान गर्नुहुनेछ:<br>1. स्कुल डिस्ट्रिक्टको स्वविवेकमा उजुरी समाधान गर्नका लागि प्रस्ताव पेस गर्ने; **र**<br>2. उजुरी दर्ता गर्ने अभिभावक र स्कुल डिस्ट्रिक्टलाई मध्यस्थतामा स्वेच्छिक रूपमा सहभागी हुनका लागि अवसर प्रदान गर्ने ।<br><br>छानबिनकर्ताले राज्यको विशेष शिक्षा कार्यक्रमका राज्य निर्देशकलाई सिफारिस पठाउनुहुनेछ;<br><br>सम्बद्ध सबै जानकारीको समीक्षा गरिसकेपछि राज्यको विशेष शिक्षा कार्यक्रमका राज्य निर्देशकले उजुरी वैध छ कि छैन, उजुरी समाधान गर्नका लागि के सुधारात्मक कार्यवाही आवश्यक पर्छ र सुधारात्मक कार्यवाही पूरा गरिनुपर्ने समयसीमाको सम्बन्धमा स्वतन्त्र निर्णय लिनुहुनेछ । राज्यको विशेष शिक्षा कार्यक्रमका राज्य निर्देशकले संलग्न सबै पक्षहरूलाई अन्तिम निर्णयको लिखित रिपोर्ट पेश गर्नुहुनेछ ।<br><br>लिखित रिपोर्टले उजुरीमा भएको प्रत्येक आरोपलाई सम्बोधन गर्नुका साथै रिपोर्टमा तथ्यका खोज तथा नतिजाहरू हुनेछन् र अन्तिम निर्णयका लागि कारणहरू समावेश गरिनेछ ।<br><br>स्कुल डिस्ट्रिक्टद्वारा गरिएको सुधारात्मक कार्यवाहीको समर्थन गर्ने लिखित प्रमाणहरूलाई राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयले सम्हालेर राखिनेछ र राज्यको अनुगमन प्रक्रियामा समावेश गरिनेछ । |
| **विचार पुर्याउनुपर्ने कुराहरू** | कुनै मामिला एकैपटक राज्य उजुरी र उचित प्रक्रिया सुनुवाइ उजुरी दुवैको विषय हुन सक्दैन । यदि यस्तो हुन्छ भने राज्यले सुनुवाइ अन्त नहुँदासम्म उचित प्रक्रिया सुनुवाइमा सम्बोधन गरिरहेको राज्य |

| | |
|---|---|
| | उजुरीको कुनै पनि हिस्सालाई अलग राख्नेछ । राज्य उजुरीमा उचित प्रक्रिया सुनुवाइ उजुरीको हिस्सा नरहेका अन्य सबै मामिलाहरूलाई राज्य उजुरी प्रक्रियामार्फत समयमै समाधान गरिनेछ ।<br><br>यदि उचित प्रक्रिया सुनुवाइ उजुरीमा समान पक्षहरू रहेका कुनै मामिलाका बारेमा पहिले नै निर्णय गरीसकेका खण्डमा सो सुनुवाइ निर्णय उक्त मामिलामा बाध्यकारी हुन्छ र राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयले उजुरीकर्तालाई त्यस बारेमा अनिवार्य रूपमा स्पष्ट तरिकामा सूचित गर्नुपर्छ ।<br><br>उचित प्रक्रिया सुनुवाइ उजुरीको निर्णय कार्यान्वयन गर्न स्कुल डिस्ट्रिक्ट असफल भएको आरोप लगाउने राज्य उजुरीलाई अनिवार्य रूपमा राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयले समाधान गर्नुपर्छ । |
| **खर्च** | दर्ता गर्ने पक्षलाई कुनै पनि खर्च लाग्दैन |

## मध्यस्थताहरू

34 CFR 300.506; ARSD 24:05.30.05

पक्षहरूले राज्यको विशेष शिक्षा नियमहरूअन्तर्गत कुनै पनि मामिलाका विवादहरूलाई मध्यस्थता प्रक्रियामार्फत समाधान गर्न सक्नेछन् ।

मध्यस्थताले अभिभावक र स्कुल प्रणालीहरू बीचका विवादहरूलाई समाधान गर्नका लागि सकारात्मक, कम विरोधात्मक तरिका उपलब्ध गराउँछ । दक्ष र निष्पक्ष सहजकर्ता (मध्यस्थकर्ता) को सहयोगमा विवादमा सम्मिलित पक्षहरूलाई आफ्ना भिन्नताहरूका बारेमा खुला तथा सम्मानजनक रूपमा सञ्चार गर्न र सहमति आउनका लागि प्रोत्साहित गरिन्छ । निर्णय गर्ने अधिकार जहिले पनि मध्यस्थताका सहभागीहरूमा रहन्छ ।

| | **मध्यस्थता प्रक्रिया** |
|---|---|
| **यो कहिले प्रयोग गरिन्छ** | विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूका बारेमा अभिभावक र पब्लिक स्कुल डिस्ट्रिक्टहरूका बीचमा असहमति भएको कुनै पनि बेला ।<br><br>दुवै पक्षहरूले अनिवार्य रूपमा मध्यस्थतामा सहमति जनाउनुपर्छ र यो स्वेच्छिक हुन्छ । |
| **कसले दर्ता गराउन सक्छ** | अभिभावक वा पब्लिक स्कुल डिस्ट्रिक्ट |
| **कसरी दर्ता गर्ने** | मध्यस्थता अनुरोध दर्ता गर्ने पक्षले अनुरोधलाई राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयमा इमेल, पत्राचार वा फ्याक्समार्फत पठाउनुपर्छ ।<br><br>राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयले मध्यस्थता अनुरोध दर्ता गर्नमा अभिभावक र अन्य पक्षहरूलाई सहयोग गर्नका लागि नमुना फाराम तयार गरेको छ; यद्यपि, तपाईंले यहीं नमुना फाराम प्रयोग गर्न आवश्यक छैन । तपाईंले उपयुक्त नमुना फाराम वा अर्को फाराम वा अन्य कागजात प्रयोग गर्न सक्नुहुनेछ । नमुना फारामहरू https://doe.sd.gov/sped/complaints.aspx मा प्राप्त गर्न सकिनेछ । |
| **परिणाम वा चाहेको नतिजा** | राज्यको कुनै पनि अदालत वा संयुक्त राज्य अमेरिकाको कुनै पनि डिस्ट्रिक्ट अदालतमा कार्यान्वयन गर्न सकिने लिखित, हस्ताक्षर सहितको मध्यस्थता सम्झौता तयार गर्छ । |
| **लाभहरू** | छलफलहरू गोप्य रहन्छन् । कुराकानीहरूलाई उचित प्रक्रिया सुनुवाइमा प्रमाणका रूपमा प्रयोग गर्न नपाइन सक्छ ।<br><br>सम्झौतामा अनिवार्य रूपमा तपाईं र स्कुल डिस्ट्रिक्टका लागि हस्ताक्षर गर्ने अधिकार भएको स्कुल डिस्ट्रिक्टको प्रतिनिधि दुवैद्वारा हस्ताक्षर गरिएको हुनुपर्छ । |
| **निर्णयकर्ता** | अभिभावक तथा पब्लिक स्कुल डिस्ट्रिक्टले मिलेर काम गर्नुहुन्छ, नतिजामा उहाँहरूको नियन्त्रण रहन्छ र उहाँहरूले समाधानहरू निकाल्नुहुन्छ । |

| | |
|---|---|
| **दर्ता गर्न, बैठक गर्न र निर्णय लिनका लागि समयसीमा** | राज्य उजुरी वा उचित प्रक्रिया सुनुवाइ दर्ता गराइसकेको भएतापनि कुनै पनि उपलब्ध रहन्छ ।<br><br>राज्यले अनिवार्य रूपमा प्रत्येक मध्यस्थता सत्र समयबद्ध तरिकामा निर्धारित होस् र विवादका पक्षहरूलाई सहज हुने स्थानमा आयोजित होस् भनेर सुनिश्चित गर्नुपर्छ [§300.506(b)(5)] । |
| **अनुरोधमा अनिवार्य रूपमा के-के समावेश गरिनुपर्छ ?** | कुनै पनि नियमन आवश्यकताहरू छैनन्, यद्यपि, तपाईंले माथि उल्लेख गरिएको नमुना फारामलाई गाइडको रूपमा प्रयोग गर्न सक्नुहुन्छ । |
| **दर्ता गरिसकेपछि के हुन्छ ?** | मध्यस्थताको सञ्चालन अनिवार्य रूपमा प्रभावकारी मध्यस्थता तरिकाहरूमा प्रशिक्षित दक्ष र निष्पक्ष मध्यस्थकर्ताद्वारा गरिनुपर्छ ।<br><br>मध्यस्थकर्ता अनियोजित, पालो-पालो गरेर वा अन्य निष्पक्ष आधारमा छनौट गरिन्छ । SEP ले विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूको प्रावधानसम्बन्धी कानुन तथा नियमहरूका बारेमा ज्ञान भएका र तिनीहरूमा योग्य रहेका व्यक्तिहरूको सूची तयार राख्छ ।<br><br>मध्यस्थता प्रक्रियामा प्रत्येक सत्र अनिवार्य रूपमा समयबद्ध तरिकामा निर्धारित हुनुपर्छ र तपाईं तथा स्कुल डिस्ट्रिक्टलाई सहज हुने स्थानमा आयोजित गरिनुपर्छ । मध्यस्थता गैर-विरोधात्मक वातावरणमा सञ्चालन गरिने अनौपचारिक प्रक्रिया हो । |
| **विचार पुर्याउनुपर्ने कुराहरू** | मध्यस्थतालाई अभिभावकको उचित प्रक्रिया सुनुवाइ उजुरीमा अभिभावकको सुनुवाइको अधिकार अस्वीकार गर्न वा त्यसमा ढिलाइ गर्न वा IDEA को भाग B अन्तर्गत प्रदान गरिने अन्य कुनै अधिकारहरू अस्वीकार गर्नका लागि प्रयोग गर्न सकिँदैन ।<br><br>यदि तपाईंले मध्यस्थता प्रक्रिया प्रयोग नगर्ने भनेर रोज्नुभयो भने राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालय वा स्कुल डिस्ट्रिक्टले तपाईंलाई मध्यस्थता प्रक्रियाको प्रयोगलाई प्रोत्साहित गर्न र यसका लाभहरूलाई स्पष्ट पार्नका लागि अनिच्छुक पक्षसँग तपाईंलाई सहज लाग्ने समय तथा स्थानमा भेट गर्ने अवसर प्रस्ताव गर्न सक्नेछन् । यो पक्ष राज्य वा उपयुक्त वैकल्पिक विवाद समाधान निकायमा स्थापित अभिभावक प्रशिक्षण तथा सूचना केन्द्र वा सामुदायिक अभिभावक स्रोत केन्द्रसँगको करारमा हुन्छ । |
| **खर्च** | अनिच्छुक पक्षसँगका बैठकहरूसहित मध्यस्थता प्रक्रियामा लाग्ने खर्च राज्यले बेहोर्नेछ । |

## उचित प्रक्रिया सुनुवाइ उजुरी

34 CFR 300.507; 34 CFR 300.508-509; ARSD 24:05:30:07.01

तपाईं वा स्कुल डिस्ट्रिक्टले तपाईंको बच्चाको पहिचान, मूल्याङ्कन, शैक्षिक प्लेसमेन्ट (स्थापन) वा FAPE को प्रावधानसँग सम्बन्धित कुनै पनि मामिलामा उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गर्न सक्नुहुन्छ ।

### निष्पक्ष उचित प्रक्रिया सुनुवाइ

34 CFR 300.511-515; ARSD 24:05:30:09.04

अनुशासनात्मक कार्यवाहीसँग सम्बन्धित उचित प्रक्रिया सुनुवाइ उजुरीलगायत कुनै पनि उचित प्रक्रिया सुनुवाइ उजुरी प्राप्त हुँदा उचित प्रक्रिया सुनुवाइभन्दा पहिले सन्तोषजनक रूपमा समाधान नहुँदा तपाईं वा विवादमा सम्मिलित स्कुल डिस्ट्रिक्टसँग अनिवार्य रूपमा उचित प्रक्रिया सुनुवाइको अवसर हुन्छ । निष्पक्ष उचित प्रक्रिया सुनुवाइ आयोजित हुन्छ भनेर सुनिश्चित गर्नका लागि राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालय जिम्मेवार हुन्छ ।

| | उचित प्रक्रिया सुनुवाइ उजुरी |
|---|---|
| **यो कहिले प्रयोग गरिन्छ** | पहिचान, मूल्याङ्कन, स्थापन वा नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) को प्रावधानसँग सम्बन्धित असहमतिहरू समाधान गर्नका लागि प्रयोग गरिन्छ । |
| **कसले दर्ता गराउन सक्छ** | अभिभावक वा स्कुल डिस्ट्रिक्टले उचित प्रक्रिया सुनुवाइका लागि दर्ता गराउन सक्छन् ।<br><br>अभिभावक वा पब्लिक स्कुल डिस्ट्रिक्टको तर्फबाट अटर्नी वा कानुन व्यवसायी । |
| **कसरी दर्ता गर्ने** | राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयले उचित प्रक्रिया सुनुवाइ उजुरी सूचना दर्ता गर्नमा तपाईं र स्कुल डिस्ट्रिक्टहरूलाई सहयोग गर्नका लागि नमुना फाराम तयार गरेको छ । तपाईंले नमुना फारामहरू प्रयोग गर्न आवश्यक पर्दैन । प्रयोग गरिने फाराम वा कागजातले उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गर्नका लागि विषयवस्तुसम्बन्धी आवश्यकताहरूलाई राम्रोसँग पूरा गर्दासम्म उचित प्रक्रिया सुनुवाइ अनुरोध गर्ने पक्षले राज्यले तय गरेको नमुना फाराम, अर्को फाराम वा अन्य कागजात प्रयोग गर्न सक्नेछ । नमुना फारामहरू https://doe.sd.gov/sped/complaints.aspx मा प्राप्त गर्न सकिनेछ ।<br><br>उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गराउँदै गरेको पक्षले राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयमा अनिवार्य रूपमा उचित प्रक्रिया सुनुवाइ उजुरीको प्रति पठाउनुपर्छ ।<br><br>उचित प्रक्रिया सुनुवाइ उजुरीमा अनिवार्य रूपमा निम्न जानकारी समावेश हुनुपर्छ:<br>1. बच्चाको नाम;<br>2. बच्चाको आवास ठेगाना;<br>3. बच्चाले अध्ययन गरिरहेको स्कुलको नाम;<br>4. (म्याककिनी-भेन्टो घरवारविहीन सहयोग ऐन (42 U.S.C. 11434a(2) को दफा 725(2) को अर्थभित्र पर्ने) घरवारविहीन बच्चा वा युवाको मामिलामा बच्चाको सम्पर्क जानकारी र बच्चाले अध्ययन गरिरहेको स्कुलको नाम;<br>5. समस्यासँग सम्बन्धित तथ्यहरूसहित प्रस्तावित वा अस्वीकृत गरिएको पहल वा परिवर्तनसँग सम्बन्धित बच्चाको समस्याको प्रकृतिको विवरण; **र**<br>6. समस्याको प्रस्तावित समाधान ।<br><br>उचित प्रक्रिया सुनुवाइ अनुरोध गर्ने पक्षले IDEA को भाग B का माथि सूचिकृत आवश्यकताहरूलाई पूरा गर्ने उचित प्रक्रिया उजुरी पेश नगर्दासम्म तपाईं वा स्कुल डिस्ट्रिक्टले उचित प्रक्रिया उजुरीमा सुनुवाइ गराउन नपाउन सक्नुहुन्छ । |
| **सुनुवाइमा सहभागीका अधिकारहरू** | **सुनुवाइका अधिकारहरू** - ARSD 24:05:30:12<br>सुनुवाइको कुनै पनि पक्षसँग निम्नको अधिकार हुन्छ:<br>1. सुनुवाइमा गैर-अटर्नीद्वारा प्रतिनिधित्व गराउने अधिकार कुनै पनि पक्षलाई नहुने बाहेक अपाङ्गता भएका बालबालिकाका समस्याहरूको सम्बन्धमा विशेष ज्ञान वा प्रशिक्षण भएमा व्यक्तिहरू र कानुनी परामर्शदातालाई साथमा ल्याउने र उनीहरूबाट सुझाव प्राप्त गर्ने;<br>2. प्रमाण प्रस्तुत तथा प्रतिवाद गर्ने, साक्षीहरूसँग जिरह गर्ने र साक्षीहरू उपस्थित हुनका लागि बाध्य बनाउने;<br>3. सुनुवाइभन्दा कम्तीमा पनि 5 कार्यालय दिन पहिलेसम्म उक्त पक्षलाई खुलासा नगरिएको कुनै पनि प्रमाणलाई सुनुवाइमा प्रस्तुत गर्न निषेध गर्ने;<br>4. सुनुवाइको लिखित वा तपाईंका लागि विकल्प भएमा विद्युतीय, अक्षरशः रेकर्ड प्राप्त गर्ने; **र**<br>5. तथ्यको लिखित वा तपाईंका लागि विकल्प भएमा विद्युतीय निष्कर्ष र निर्णयहरू प्राप्त गर्ने । |

<table>
<tr><td></td><td>जानकारीको थप खुलासा - ARSD 24:05:30:12.01<br>सुनुवाइभन्दा कम्तीमा पनि पाँच कार्यालय दिन पहिले तपाईं र स्कुल डिस्ट्रिक्टले अरूलाई उक्त मितिसम्म पूरा गरिएका सबै मूल्याङ्कनहरू र सुनुवाइमा तपाईं वा स्कुल डिस्ट्रिक्टले प्रयोग गर्ने भनेर सोच्नुभएका मूल्याङ्कनमा आधारित सिफारिसहरू खुलासा गर्नुपर्नेछ ।<br><br>सुनुवाइ अधिकारीले खुलासासम्बन्धी आवश्यकताहरू पूरा गर्न नसकेको कारणले गर्दा सुनुवाइमा सम्बद्ध मूल्याङ्कन वा सिफारिसलाई समावेश नगर्न सक्नुहुन्छ ।<br><br>सुनुवाइमा अभिभावकका अधिकारहरू<br>सुनुवाइमा संलग्न अभिभावकको रूपमा तपाईंसँग निम्नको अधिकार हुन्छ:<br>1. सुनुवाइको विषय रहेको बच्चालाई उपस्थित हुन दिने;<br>2. सुनुवाइलाई सर्वसाधारणका लागि खुला गर्ने; र<br>3. सुनुवाइको रेकर्ड र तथ्यको निष्कर्ष र निर्णयहरू तपाईंलाई कुनै शुल्क नलाग्नेगरी उपलब्ध गराउन लगाउने ।</td></tr>
<tr><td>परिणाम वा चाहेको नतिजा</td><td>तथ्यको निष्कर्षहरूको लिखित निर्णय, कानुनका सारहरू र लागू हुने भएमा डिस्ट्रिक्टले अनिवार्य रूपमा चाल्नुपर्ने सुधारात्मक कार्यहरू ।</td></tr>
<tr><td>लाभहरू</td><td>अभिभावक र पब्लिक स्कुल डिस्ट्रिक्टले अन्य कुनै कुरामा सहमति नजनाएसम्मम उचित प्रक्रिया सुनुवाइ दर्ता गराएको मितिबाट विद्यार्थी आफ्नो हाल्मो शैक्षिक स्थापनमा रहिरहन्छन् ।<br><br>पक्षहरूका लागि निर्णय कानुनी रूपमा बाध्यकारी हुन्छ ।<br><br>निर्णयको विरुद्धमा पुनरावेदन नगरिएको हुँदासम्म निर्णय पालना गरिएको छ भनेर सुनिश्चित गर्नका लागि राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालय जिम्मेवार हुन्छ ।</td></tr>
<tr><td>निर्णयकर्ता</td><td>सुनुवाइका निर्णयहरू - ARSD 24:05:30:10.01<br>प्रक्रियागत उल्लङ्घनले FAPE को अस्वीकृतिका लागि मापदण्डहरू पूरा नगर्दासम्म बच्चालाई FAPE अस्वीकृत गरिएको थियो भने सुनुवाइ अधिकारीको निर्णय अनिवार्य रूपमा ठोस आधारमा आधारित हुनुपर्छ ।<br><br>प्रक्रियागत उल्लङ्घनको आरोप लगाइएका मामिलाहरूमा सुनुवाइ अधिकारीले प्रक्रियागत कमीहरूले निम्न गराएको अवस्थाहरूमा मात्र तपाईंको बच्चाले FAPE प्राप्त नगरेको भनेर पत्ता लगाउन सक्नुहुनेछ:<br>1. FAPE प्राप्त गर्ने तपाईंको बच्चाको अधिकारमा अवरोध गरेको;<br>2. तपाईंको बच्चाका लागि FAPE को प्रावधानको सम्बन्धमा IEP निर्णय लिने प्रक्रियामा सहभागी हुने तपाईंको अवसरमा उल्लेख्य रूपमा बाधा पुऱ्याएको; वा<br>3. तपाईंको बच्चालाई शैक्षिक लाभ प्राप्त गर्नबाट वञ्चित गराएको ।<br><br>यस खण्डको कुनै पनि कुराले स्कुल डिस्ट्रिक्टलाई IDEA का प्रक्रियागत आवश्यकताहरू पालना गर्नका लागि आदेश दिनबाट सुनुवाइ अधिकारीलाई रोक्छ भनेर अर्थ लगाइने छैन ।<br><br>निष्पक्ष सुनुवाइ अधिकारी - ARSD 24:05:30:10<br>कम्तीमा पनि सुनुवाइ अधिकारी अनिवार्य रूपमा:<br>1. निष्पक्ष हुनुपर्छ (अर्थात् साउथ डकोटा शिक्षा विभाग वा स्थानीय स्कुल डिस्ट्रिक्टको कर्मचारी हुनुहुँदैन र सुनुवाइमा व्यक्तिको निष्पक्षतासँग टकराव हुनेगरी व्यक्तिगत वा व्यावसायिक सरोकार छैन);</td></tr>
</table>

| | |
|---|---|
| | 2. IDEA का प्रावधानहरू, IDEA सँग सम्बन्धित सङ्घीय तथा राज्यका नियमहरू र सङ्घीय तथा राज्यका अदालतहरूद्वारा IDEA का कानुनी व्याख्याहरूका बारेमा ज्ञान र तिनीहरूलाई बुझ्ने क्षमता हुनुपर्छ;<br>3. उचित, मानक कानुनी अभ्यासअनुसार सुनुवाइहरू सञ्चालन गर्ने ज्ञान र क्षमता हुनुपर्छ;<br>4. उचित, मानक कानुनी अभ्यासअनुसार निर्णयहरू दिने र लेख्ने ज्ञान र क्षमता हुनुपर्छ ।<br><br>राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालय र स्कुल डिस्ट्रिक्टले सुनुवाइ अधिकारीहरूका रूपमा सेवा प्रदान गरेका व्यक्तिहरूको सूची तयार गरेर राख्नेछ । सूचीमा अनिवार्य रूपमा ती सबै व्यक्तिहरूका योग्यताहरूको विवरण समावेश हुनुपर्छ । |
| **दर्ता गर्न, बैठक गर्न र निर्णय लिनका लागि समयसीमा** | उचित प्रक्रिया सुनुवाइ उजुरीले अनिवार्य रूपमा तपाईं वा स्कुल डिस्ट्रिक्ट (यदि स्कुल डिस्ट्रिक्टले सुनुवाइ अनुरोध गर्दै भएमा) ले उचित प्रक्रिया सुनुवाइ उजुरीको कथित आधार थाहा पाएको वा थाहा पाएको हुनुपर्ने मितिबाट **दुई वर्षभन्दा बढी समय नभइसकेको उल्लङ्घन**को आरोप लगाउनुपर्छ । यदि निम्न कारणहरूले गर्दा तपाईंलाई उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गर्नबाट रोकिएको थियो भने माथि वर्णन गरिएको यो समयसीमा तपाईंमा लागू हुँदैन:<br>1. स्कुल डिस्ट्रिक्टद्वारा आफूले समस्या समाधान गरिसकेको भनेर गरिने गलत प्रस्तुतिहरू; **वा**<br>2. स्कुल डिस्ट्रिक्टले तपाईंसँग IDEA को भाग B अन्तर्गतको आवश्यक जानकारी साझा नगरिरहेको ।<br><br>**सुनुवाइका समयसीमाहरू**<br>यदि लागू हुने भएमा 30 दिने समाधान अवधि वा समायोजित समयावधिको समाप्तिपछि 45 दिनभन्दा ढिलो नहुनेगरी राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयले निम्न कुराहरू सुनिश्चित गर्नेछ:<br>1. सुनुवाइमा अन्तिम निर्णयमा पुगिएको छ: **र**<br>2. निर्णयको प्रति हुलाकमार्फत तपाईं वा स्कुल डिस्ट्रिक्टलाई पठाइएको छ ।<br><br>सुनुवाइ अधिकारीले तपाईं वा स्कुल डिस्ट्रिक्टको अनुरोधमा यस समयसीमामा निश्चत थप समयको अनुमति दिन सक्नुहुनेछ ।<br><br>हरेक सुनुवाइ अनिवार्य रूपमा तपाईं र संलग्न बच्चालाई यथोचित रूपमा सहज हुने समय र ठाउँमा सञ्चालन गरिनुपर्छ । |
| **दर्ता गरिसकेपछि मेरो बच्चाका सेवाहरू के हुन्छन् ?** | **कार्यवाहीको दौरान मेरो बच्चाको स्थिति ("स्थिर रहने") -** 34 CFR 300.518; ARSD24:05:30:14<br>राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालय वा तपाईंको स्कुल डिस्ट्रिक्ट र तपाईंले अन्य तरिकामा सहमति नजनाएको भएसम्म कुनै पनि उचित प्रक्रिया सुनुवाइ वा उचित प्रक्रिया उजुरीसम्बन्धी न्यायिक कार्यवाहीको अवधिमा उचित प्रक्रिया उजुरीमा संलग्न आफ्नो अहिलेकै शैक्षिक स्थापनमा रहिरहनेछन् ।<br><br>यदि तपाईं सार्वजनिक स्कुलमा प्रारम्भिक भर्नाका लागि आवेदन दिँदै हुनुहुन्छ भने त्यस्ता सबै कार्यवाहीहरू पूरा नहुँदासम्म तपाईंको सहमतिमा तपाईंको बच्चालाई सार्वजनिक स्कुल कार्यक्रममा राखिनेछ ।<br><br>यदि उचित प्रक्रिया सुनुवाइ उजुरीमा बच्चा तीन वर्ष पुगेकोले भाग C का सेवाहरूका लागि योग्य नरहेका र IDEA को ***भाग C*** बाट भाग B मा जाँदै गइरहेका बच्चाबाट भाग B अन्तर्गतका प्रारम्भिक सेवाहरूका लागि गरिएको अनुरोध रहेको छ भने स्कुल डिस्ट्रिक्टले बच्चाले प्राप्त गर्ने गरेका भाग C का सेवाहरू उपलब्ध गराउन आवश्यक पर्दैन ।<br><br>यदि बच्चा भाग B अन्तर्गत विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू योग्य छन् तपाईंले विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूको प्रारम्भिक प्रावधानमा सहमति जनाउनुभएको छ भने स्कुल डिस्ट्रिक्टले तपाईं र |

| | |
|---|---|
| | स्कुल डिस्ट्रिक्टका बीचमा विवाद नरहेका ती विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू अनिवार्य रूपमा उपलब्ध गराउनुपर्छ ।<br><br>अभिभावक वा स्कुल डिस्ट्रिक्टमध्ये कसैले पनि IDEA को अनुशासनात्मक कार्यवाहीअन्तर्गत सुनुवाइ अनुरोध गर्दा विशेष परिस्थितिहरू नहुँदासम्म र/वा तपाईं तथा स्कुल डिस्ट्रिक्टले अन्य तरिकामा सहमति जनाउनु भएको छैन भने पुनरावेदनको समाधान नहुँदासम्म बच्चा अनिवार्य रूपमा अन्तरिम वैकल्पिक शिक्षा वातावरणमा रहनुपर्छ ।<br><br>यदि उचित प्रक्रिया सुनुवाइमा सुनुवाइ अधिकारीले स्थापनमा परिवर्तन उचित हुन्छ भनेर सहमति जनाएमा उक्त स्थापनलाई सुनुवाइ अन्त नहुँदासम्म राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालय र तपाईं बीचको सम्झौताको रूपमा लिइनुपर्छ । |
| **दर्ता गरिसकेपछि के हुन्छ ?** | **उजुरीको पर्याप्तता -** ARSD 24:05:30:08.04<br>उचित प्रक्रिया सुनुवाइ उजुरी प्राप्त गर्ने पक्षले उचित प्रक्रिया सुनुवाइ उजुरी प्राप्त गरेको 15 दिनभित्र सुनुवाइ अधिकारी र अर्को पक्षलाई लिखितमा **प्राप्त गर्ने पक्ष**लाई उचित प्रक्रिया सुनुवाइ उजुरीले IDEA को विषयवस्तुसम्बन्धी आवश्यकताहरूलाई पूरा नगरेको लाग्छ भनेर सूचित नगर्दा उचित प्रक्रिया सुनुवाइ उजुरीलाई **पर्याप्त** भएको मानिनेछ ।<br><br>त्यस्तो सूचना प्राप्त गरेको पाँच दिनभित्र उचित प्रक्रिया सुनुवाइ अधिकारीले उचित प्रक्रिया सुनुवाइ उजुरीलाई सरसर्ती हेर्दाउचित प्रक्रिया सुनुवाइ उजुरीले IDEA को विषयवस्तुसम्बन्धी आवश्यकताहरूलाई पूरा गर्छ कि गर्दैन भनेर अनिवार्य रूपमा निर्णय लिनुपर्छ र उक्त निर्णयका बारेमा लिखितमा पक्षहरूलाई तत्कालै सूचित गर्नुपर्छ ।<br><br>निम्न अवस्थाहरूमा मात्र पक्षले आफ्नो उचित प्रक्रिया सुनुवाइ उजुरीमा संशोधन गर्ने सक्नेछ:<br>1. अर्को पक्षले संशोधनका लागि लिखितमा सहमति जनाएको छ र सो पक्षलाई समाधान बैठकमार्फत संशोधन गरिएको उचित प्रक्रिया सुनुवाइ उजुरीलाई समाधान गर्न अवसर प्रदान गरिएको छ; **वा**<br>2. सुनुवाइ अधिकारीले अनुमति प्रदान गर्नुहुन्छ र सुनुवाइ अधिकारीले उचित प्रक्रिया सुनुवाइ सुरु हुनुभन्दा पहिलेको पाँच दिनभन्दा ढिलो नहुनेगरी कुनै पनि समयमा मात्र संशोधन गर्न अनुमति प्रदान गर्न सक्नुहुनेछ ।<br><br>समाधान बैठकका लागि समयसीमासहित भाग B अन्तर्गतको उचित प्रक्रिया सुनुवाइका लागि लागू समयसीमा पक्षले संशोधित उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गराएको समयमा पुन: सुरु हुन्छ ।<br><br>तपाईं वा स्कुल डिस्ट्रिक्टद्वारा पहिले नै दर्ता गराएको उचित प्रक्रिया सुनुवाइ उजुरीभन्दा भिन्न रहेको मामिलाको सम्बन्धमा तपाईंले अर्को उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गर्न सक्नुहुनेछ ।<br><br>**अभिभावकद्वारा दर्ता गराएको उचित प्रक्रिया सुनुवाइ उजुरीमा डिस्ट्रिक्टको जवाफ**<br>यदि तपाईं उचित प्रक्रिया सुनुवाइ अनुरोध गर्नुभएको पक्ष हुनुहुन्छ र स्कुल डिस्ट्रिक्टले तपाईंको उचित प्रक्रिया सुनुवाइ उजुरीको विषयवस्तुको सम्बन्धमा IDEA को भाग B अन्तर्गत पूर्व लिखित सूचना पठाएको **छैन** भने स्कुल डिस्ट्रिक्टले उचित प्रक्रिया सुनुवाइ उजुरी प्राप्त गरेको 10 दिनभित्र अनिवार्य रूपमा तपाईंलाई निम्न समावेश रहेको जवाफ पठाउनुपर्छ:<br>1. स्कुल डिस्ट्रिक्टले तपाईंको उचित प्रक्रिया सुनुवाइ उजुरीमा उठाइएको कार्य(हरू) गर्न किन प्रस्ताव वा अस्वीकार गर्‍यो भन्ने बारेमा स्पष्टिकरण;<br>2. IEP टोलीले विचार गरेका अन्य विकल्पहरू र ती विकल्पहरू किन अस्वीकार गरिए भन्ने कारणहरूको विवरण; |

3. प्रस्तावित वा अस्वीकृत कार्य(हरू) का लागि आधारका रूपमा स्कुल डिस्ट्रिक्टले प्रयोग गरेको प्रत्येक मूल्याङ्कन प्रक्रिया, एसेस्मेन्ट, रेकर्ड वा रिपोर्टको विवरण: **र**
4. स्कुल डिस्ट्रिक्टको प्रस्तावित वा अस्वीकृत कार्य(हरू) सँग सम्बन्धित रहने अन्य कुनै पनि तत्वहरूको विवरण:

यस खण्डअन्तर्गत स्कुल डिस्ट्रिक्टद्वारा दिइने कुनै पनि जवाफले स्कुल डिस्ट्रिक्टलाई तपाईंको उचित प्रक्रिया सुनुवाइ उजुरी पर्याप्त छैन भनेर दावी गर्नबाट अनिवार्य रूपमा रोक्नुहुँदैन ।

## उचित प्रक्रिया सुनुवाइ उजुरीमा अर्को पक्षको जवाफ

यदि स्कुल डिस्ट्रिक्ट उचित प्रक्रिया सुनुवाइ अनुरोध गरिरहेको पक्ष हो भने उचित प्रक्रिया सुनुवाइ उजुरी प्राप्त गर्ने अभिभावकले उचित प्रक्रिया सुनुवाइ उजुरी प्राप्त गरेको 10 दिनभित्र अनिवार्य रूपमा स्कुल डिस्ट्रिक्टलाई जवाफ पठाउनुपर्छ जसले विशेष रूपमा उचित प्रक्रिया सुनुवाइ उजुरीमा उठाइएका मामिलाहरूमा जवाफ दिन्छ ।

## समाधान बैठक - 34 CFR 300.510; ARSD 24:05:30:08.12

यदि तपाईं उचित प्रक्रिया सुनुवाइ अनुरोध गर्ने पक्ष हुनुहुन्छ भने तपाईंको उचित प्रक्रिया सुनुवाइ उजुरीको सूचना प्राप्त गरेको र उचित प्रक्रिया सुनुवाइ सुरु हुनुभन्दा पहिलेको 15 दिनभित्र **स्कुल डिस्ट्रिक्ट**ले अनिवार्य रूपमा समाधान बैठक बोलाउनुपर्छ जसमा:

1. तपाईं र तपाईंको उचित प्रक्रिया सुनुवाइ उजुरीमा पहिचान गरिएका तथ्यहरूका बारेमा **विशिष्ट ज्ञान** भएको IEP टोलीका सम्बद्ध सदस्यहरू सहभागी हुन्छन्;
2. स्कुल डिस्ट्रिक्टको तर्फबाट निर्णय लिने अधिकार भएको स्कुल डिस्ट्रिक्टको प्रतिनिधि सहभागी हुन्छन्; **र**
3. तपाईं अटर्नीसँग उपस्थित नहुँदासम्म स्कुल डिस्ट्रिक्टको अटर्नी सहभागी हुँदैनन् ।

तपाईं र स्कुल डिस्ट्रिक्टले समाधानमा बैठकमा सहभागी हुनका लागि IEP टोलीका सम्बद्ध सदस्यहरू निर्धारण गर्नुहुन्छ ।

समाधान बैठकको उद्देश्य भनेको तपाईंका लागि तपाईंको उचित प्रक्रिया सुनुवाइ उजुरी र तपाईंको उचित प्रक्रिया सुनुवाइ उजुरीको आधार रहने तथ्यहरूका बारेमा छलफल गर्नका निम्ति हो जसले गर्दा स्कुल डिस्ट्रिक्टसँग उचित प्रक्रिया सुनुवाइ उजुरीका लागि आधार रहेको विवादलाई समाधान गर्नका लागि अवसर हुन्छ ।

निम्न अवस्थाहरू बाहेक समाधान बैठक आवश्यक पर्छ:

1. तपाईं **र** स्कुल डिस्ट्रिक्टले बैठक नबोलाउने भनेर लिखितमा सहमति जनाउनुभएको छ; **वा**
2. तपाईं **र** स्कुल डिस्ट्रिक्टले यस कागजातमा वर्णन गरिएको मध्यस्थता प्रक्रिया प्रयोग गर्ने भनेर जनाउनुभएको छ ।

## 30-दिने समाधान अवधि

यदि स्कुल डिस्ट्रिक्टले तपाईंद्वारा दर्ता गरिएको उचित प्रक्रिया सुनुवाइ उजुरी प्राप्त गरेको 30 दिनभित्र तपाईं सन्तुष्ट हुनेगरी उचित प्रक्रिया सुनुवाइ उजुरीको समाधान नगरेको खण्डमा उचित प्रक्रिया सुनुवाइ अगाडि बढ्न सक्नेछ । तल उपलब्ध गराइएको बाहेक उचित प्रक्रिया सुनुवाइअन्तर्गत अन्तिम निर्णय जारी गर्नका लागि समयसीमा 30-दिने समाधान अवधिको समाप्तिमा सुरु हुन्छ ।

तपाईं र स्कुल डिस्ट्रिक्ट दुवैले समाधान बैठक नबोलाउने वा समाधान बैठकको सट्टामा मध्यस्थता प्रयोग गर्ने भनेर सहमति नजनाएको भएसम्म समाधान बैठकमा तपाईं उपस्थित नहुँदा त्यसले समाधान प्रक्रिया र समाधान बैठक बसिसकेपछि उचित प्रक्रिया सुनुवाइका समयसीमाहरू ढिलाइ गराउनेछ ।

यदि स्कुल डिस्ट्रिक्टले मनासिब प्रयासहरू गरिसकेपछि र त्यसको लिखित प्रमाण राखिसकेपश्चात् पनि समाधान बैठकमा तपाईंलाई सहभागी गराउन असफल भएमा 30-दिने समाधान अवधिको समाप्तिमा स्कुल डिस्ट्रिक्टले सुनुवाइ अधिकारीले **तपाईंको उचित प्रक्रिया सुनुवाइ उजुरीलाई खारेज गरिदिन** अनुरोध गर्न सक्नेछ ।

समाधान बैठकमा तपाईंको सहभागिता प्राप्त गर्ने स्कुल डिस्ट्रिक्टका प्रयासहरू भएको कागजातमा अनिवार्य रूपमा निम्न जानकारीलगायत आपसी सहमतिमा समय तथा स्थान निर्धारण गर्नका लागि स्कुल डिस्ट्रिक्टद्वारा गरिएका प्रयासहरूको रेकर्ड समावेश हुनुपर्छ:

1. गरिएका टेलिफोन कलहरू वा लगाउन प्रयास गरिएका टेलिफोन कलहरूका विस्तृत रिपोर्टहरू र ती कलहरूका नतिजाहरू;
2. तपाईंलाई पठाइएका पत्राचारका प्रतिलिपिहरू र प्राप्त गरिएका सबै जवाफहरू; **र**
3. तपाईंको घर वा रोजगारीको ठाउँमा गरिएको भेटहरूका विस्तृत रिपोर्टहरू र ती भेटहरूका नतिजाहरू ।

यदि स्कुल डिस्ट्रिक्ट तपाईंको उचित प्रक्रिया सुनुवाइ उजुरी प्राप्त भएको 15 दिनभित्र समाधान **बैठक आयोजना गर्न असफल हुन्छ** वा समाधान बै**ठकमा सहभागी हुन असफल हुन्छ** भने तपाईंले उचित प्रक्रिया सुनुवाइ समयसीमा सुरु गर्नका लागि सुनुवाइ अधिकारीको सहयोग खोज्न सक्नुहुन्छ ।

### 30-दिने समाधान अवधिमा समायोजन - ARSD 24:05:30:08.14

निम्न घटनाहरूमध्ये कुनै एक घटना घटेको दिनपछि 30-दिने समाधान अवधिलाई समायोजन गरिन्छ र उचित प्रक्रिया सुनुवाइका लागि 45-दिने समयसीमा सुरु हुन्छ:

1. तपाईं र स्कुल डिस्ट्रिक्ट दुवैले समाधान बैठक नबोलाउने भनेर लिखितमा सहमति जनाउनुभएको छ;
2. मध्यस्थता वा समाधान बैठकमध्ये कुनै पनि सुरु भइसकेपछि तर 30-दिने अवधि समाप्त नहुँदै तपाईं र स्कुल डिस्ट्रिक्टले कुनै पनि सम्झौता सम्भव छैन भनेर लिखितमा सहमति जनाउनुभएको छ; वा
3. यदि तपाईं र स्कुल डिस्ट्रिक्ट दुवैले लिखितमा30-दिने समाधान अवधिको अन्तसम्म मध्यस्थतालाई जारी राख्न लिखितमा सहमति जनाउनुभएको छ तर पछि तपाईं वा स्कुल डिस्ट्रिक्ट मध्यस्थता प्रक्रियाबाट पछि हट्नुभएको छ ।

### लिखित मिलापत्र सम्झौता - ARSD 24:05:30:08.15

यदि समाधान बैठकमा विवादको समाधानमा पुगिन्छ भने तपाईं र स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा कानुनी रूपमा बाध्यकारी सम्झौता निष्पादन गर्नुपर्छ:

1. जसमा तपाईं र स्कुल डिस्ट्रिक्टका लागि हस्ताक्षर गर्ने अधिकार भएको स्कुल डिस्ट्रिक्टको प्रतिनिधि दुवैद्वारा हस्ताक्षर गरिएको हुन्छ; र
2. जसलाई राज्यको कुनै पनि अदालत वा संयुक्त राज्य अमेरिकाको कुनै पनि डिस्ट्रिक्ट अदालतमा कार्यान्वयन गर्न सकिन्छ ।

यदि तपाईं र स्कुल डिस्ट्रिक्टले समाधान बैठकमा लिखित मिलापत्र सम्झौता निष्पादन गर्नुहुन्छ भने तपाईं वा स्कुल डिस्ट्रिक्टमध्ये कुनैले पनि सम्झौतामा हस्ताक्षर गरेको 3 कार्यालय दिनभित्र सम्झौतालाई रद्द गर्न सक्नुहुनेछ ।

**विचार पुर्याउनुपर्ने कुराहरू**

### उचित प्रक्रिया सुनुवाइका विषयवस्तु - ARSD 24:05:30:09.05

उचित प्रक्रिया सुनुवाइ अनुरोध गर्ने तपाईं वा स्कुल डिस्ट्रिक्टले अर्को पक्षले सहमति नजनाउँदासम्म उचित प्रक्रिया उजुरीमा उठान नगरिएका मामिलाहरूलाई उचित प्रक्रिया सुनुवाइमा उठान गर्न सक्नुहुन्न ।

| | |
|---|---|
| | तपाईं निर्णयसँग सहमत हुनुहुन्न भने पनि निर्णय कानुनी रूपमा बाध्यकारी हुन्छ ।<br><br>यदि निर्णयको विरुद्धमा पुनरावेदन दिइन्छ भने सो पुनरावेदनमा अन्तिम फैसला नहुँदासम्म निर्णयलाई लागू नगर्न सकिन्छ ।<br><br>स्कुल डिस्ट्रिक्टहरूको प्रतिनिधित्व सामान्यतया अटर्नीद्वारा गरिन्छ । |
| **खर्च** | निम्न अवस्थाहरूमा स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा तपाईंलाई क्षेत्रमा उपलब्ध सबै नि:शुल्क वा कम खर्च लाग्ने कानुनी तथा अन्य सम्बद्ध सेवाहरूका बारेमा सूचित गर्नुपर्छ:<br><br>1. तपाईंले जानकारी अनुरोध गर्नुहुन्छ; **वा**<br>2. तपाईं वा स्कुल डिस्ट्रिक्टले उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गराउनुहुन्छ ।<br><br>यदि अभिभावकले अटर्नी नियुक्त गर्नुहुन्छ भने त्यसको खर्च उहाँ आफैंले बेहोर्नुपर्छ । अटर्नीको शुल्कसम्बन्धी थप जानकारीका लागि तल हेर्नुहोस् । |
| **थप जानकारी** | **निर्णयको अन्तिमता**<br>सुनुवाइमा गरिएको निर्णय **अन्तिम** हुन्छ र सुनुवाइमा संलग्न कुनै पनि पक्षले देवानी मुद्दामार्फत निर्णयको विरुद्धमा पुनरावेदन दिन सक्नेछन् ।<br><br>**देवानी मुद्दाहरू -** 34 CFR 300.516; ARSD 24:05:30:11<br>उचित प्रक्रिया सुनुवाइ उजुरी (अनुशासनात्मक कार्यवाहीसँग सम्बन्धित सुनुवाइसहित) को सम्बन्धमा सुनुवाइ अधिकारीका निष्कर्ष र निर्णयहरूसँग सन्तुष्ट नहुने उचित प्रक्रिया सुनुवाइको कुनै पनि पक्ष (तपाईं वा स्कुल डिस्ट्रिक्ट) सँग देवानी मुद्दा दायर गर्ने अधिकार हुन्छ । मुद्दामा वादीले माग गरेको रकमलाई ध्यान नदिइकन यस मुद्दालाई यस्तो प्रकारको मुद्दा हेर्ने क्षेत्राधिकार भएको राज्यको कुनै पनि अदालत वा संयुक्त राज्य अमेरिकाको कुनै पनि डिस्ट्रिक्ट अदालतमा दायर गर्न सकिनेछ ।<br><br>देवानी मुद्दा दायर गर्नका लागि मुद्दा दायर गर्ने पक्षसँग सुनुवाइ अधिकारीको निर्णयको मितिबाट 90 दिनको समय हुन्छ ।<br><br>देवानी मुद्दामा, अदालतले:<br><br>1. प्रशासनिक कार्यवाहीका रेकर्डहरू बुझ्नेछ;<br>2. पक्षको अनुरोधमा थप प्रमाणहरू सुन्नेछ; **र**<br>3. आफ्नो निर्णयलाई प्रमाणको प्रधानतामा आधारित गरेर अदालतले उचित ठानेको राहत प्रदान गर्नेछ ।<br><br>IDEA को भाग B को कुनै पनि कुराले संविधान, सन् 1990 को अपाङ्गता भएका अमेरिकीहरूसम्बन्धी ऐन, सन् 1973 को पुनर्स्थापना ऐनको टाइटल V वा अपाङ्गता भएका बालबालिकाका अधिकारहरू संरक्षण गर्ने अन्य सङ्घीय कानुनहरू अन्तर्गतका अधिकार, प्रक्रिया वा उपचारलाई बन्देज लगाउँदैन वा सीमित गर्दैन तर IDEA को भाग B अन्तर्गत पनि उपलब्ध हुने राहत खोज्दै यी कानुनहरूमा रहेर देवानी मुद्दा दायर गर्नुभन्दा पहिले सो मुद्दा IDEA को भाग B अन्तर्गत ल्याउँदा आवश्यक पर्ने उचित प्रक्रियाका सबै चरणहरू पूरा गर्न आवश्यक पर्ने जति नै उचित प्रक्रिया सुनुवाइ उजुरी दायर गर्नका लागि उचित प्रक्रियाका सबै चरणहरू अनिवार्य रूपमा प्रयोग गरिनुपर्छ ।<br><br>**अटर्नीका शुल्कहरू -** 34 CFR 300.517; ARSD 24:05:30:11.01<br>यदि तपाईं विजयी पक्ष हुनुहुन्छ भने IDEA को भाग B अन्तर्गतको कुनै पनि मुद्दा वा कार्यवाहीमा आफ्नो स्वविवेकमा अदालतले तपाईंको लागेको खर्चको रूपमा अटर्नीहरूलाई मनासिब शुल्क दिने फैसला गर्न सक्नेछ **जसलाई स्कुल डिस्ट्रिक्टले अनिवार्य रूपमा भुक्तानी गर्नुपर्छ** । |

| | |
|---|---|
| | समाधान बैठकलाई प्रशासनिक सुनुवाइ वा अदालतको मुद्दाको नतिजास्वरूप बोलाइएको बैठक मानिँदैन र अटर्नीका शुल्कहरूसम्बन्धी यी प्रावधानहरूको प्रयोजनका लागि प्रशासनिक सुनुवाइ वा अदालतको मुद्दा पनि मानिँदैन । <br><br> यदि तपाईंको अटर्नीले अति सामान्य, अनुचित वा आधारहीन उचित प्रक्रिया सुनुवाइ उजुरी दर्ता गर्छन् वा पछि त्यस्तै प्रकृतिका तथ्यहरू प्रस्तुत गर्छन् **वा** तपाईंको अटर्नीले मुद्दा स्पष्ट रूपमा अति सामान्य, अनुचित वा आधारहीन भएको पाइसकेपछि पनि मुद्दालाई अगाडि बढाउँछन् भने आफ्नो स्वविवेकमा अदालतले विजयी राज्यको शिक्षा विभाग कार्यालय वा स्कुल डिस्ट्रिक्टलाई अटर्नीहरूमा लागेको मनासिब शुल्कहरू दिने फैसला गर्न सक्नेछ **जसलाई अदालतले तपाईंको अटर्नीलाई भुक्तानी गर्न लगाउन सक्नेछ** । <br><br> यदि उचित प्रक्रिया सुनुवाइ वा तथ्यहरूको प्रस्तुतिका लागि तपाईंको अनुरोध सताउने, अनावश्यक ढिलाइ गराउने र अनावश्यक रूपमा मुद्दाको खर्च बढाउने जस्ता कुनै पनि गलत उद्देश्यका थियो भने आफ्नो स्वविवेकमा अदालतले विजयी राज्यको शिक्षा विभाग कार्यालय वा स्कुल डिस्ट्रिक्टलाई अटर्नीहरूमा लागेको मनासिब शुल्कहरू दिने फैसला पनि गर्न सक्नेछ **जसलाई अदालतले तपाईं वा तपाईंको अटर्नीमध्ये कुनै एकलाई भुक्तानी गर्न लगाउन सक्नेछ** । <br><br> यदि तपाईं विजयी पक्ष भएमा र अदालतले तपाईं वा तपाईंको अटर्नीले मुद्दाको क्रममा वा तथ्यहरूको प्रस्तुतिमा निम्न गरेको पाएमा अदालतले IDEA को भाग B अन्तर्गत तपाईंलाई दिइने अटर्नीको शुल्कको रकमलाई घटाउनेछ: <br><br> 1. विवादको अन्तिम समाधानमा अनुचित ढिलाइ गरिएको; <br> 2. तपाईंको अटर्नीको शुल्क समान सेवाहरूका लागि समुदायमा समान प्रकारका अटर्नीहरूद्वारा घण्टाको हिसाबले लिने शुल्कभन्दा अनुचित रूपमा बढी छ; <br> 3. तपाईंको अटर्नीद्वारा खर्चिएको समय र प्रदान गरिएका कानुनी सेवाहरू कार्यवाहीको प्रकृतिअनुसार बढी छ; **वा** <br> 4. तपाईंको अटर्नीले स्कुललाई उचित प्रक्रिया सुनुवाइ उजुरीमा उपयुक्त जानकारी दिएनन् । <br><br> यदि अदालतले राज्यको शिक्षा विभाग वा स्कुल डिस्ट्रिक्टले मुद्दा वा कार्यवाहीको अन्तिम समाधानमा अनुचित रूपमा ढिलाइ गरेको वा IDEA को भाग B को उल्लङ्घन भएको पाएमा यी घटाउने प्रावधानहरू कुनै पनि मुद्दा वा कार्यवाहीमा लागू हुँदैनन् । |
| **अतिशीघ्र गरिएका उचित प्रक्रिया सुनुवाइहरू** | अतिशीघ्र गरिएको उचित प्रक्रिया सुनुवाइका आवश्यकताहरू निम्नसँग सम्बन्धित सुनुवाइ अनुरोधमा मात्र लागू हुन्छन्: 1) अनुशासनात्मक कार्यवाही पछिको स्थापन; वा 2) प्रकटीकरण निर्धारण; वा 3) LEA लाई बच्चाको अहिलेकै स्थापन बनाइराख्दा बच्चा वा अरूहरूमा चोटपटक लाग्ने उल्लेख्य सम्भावना छ भन्ने लाग्छ । अतिशीघ्र गरिएका समयसीमाहरूलाई सुनुवाइ अधिकारीले छोड्न सक्नुहुन्न । |

## सल्लाहकार समिति र सर्वसाधारणका लागि निष्कर्ष र निर्णयहरू

व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारीलाई मेटाइसकेपछि राज्यको विशेष शिक्षा कार्यक्रमको कार्यालयले सुनुवाइ अधिकारीका निष्कर्ष तथा निर्णयहरूलाई राज्यको सल्लाहकार समितिमा पठाउनेछ र ती निष्कर्ष तथा निर्णयहरूलाई सर्वसाधारणलाई उपलब्ध गराउनेछ ।

# अभिभावकीय अधिकारहरूको स्थानान्तरण

## बालिग उमेरको भएपछि अभिभावकीय अधिकारहरूको स्थानान्तरण

34 CFR 300.520; ARSD 24:05:30:16.01

अपाङ्गता भएको बच्चा अठार वर्ष अर्थात् बालिग उमेरको भएपछि (अधिकारहरू समाप्त गरिएको वा अर्को पक्षलाई सुम्पिएको अपाङ्गता भएको बच्चाको हकमा बाहेक) IDEA को भाग B अन्तर्गतका सबै अधिकारहरू तपाईंबाट तपाईंको बच्चामा स्थानान्तरण हुन्छन् र विशेष शिक्षाअन्तर्गत तपाईंको बालिग बच्चा तथा तपाईं दुवैलाई कुनै पनि सूचना उपलब्ध गराउन आवश्यक पर्ने भएमा स्कुल डिस्ट्रिक्टले सूचना उपलब्ध गराउनेछ ।

यदि तपाईंको बच्चालाई वयस्क वा बाल, राज्य वा स्थानीय सुधार गृहमा कैद गरेर राखिएको छ भने IDEA को भाग B अन्तर्गतका सबै अधिकारहरू तपाईंको बच्चामा 18 वर्ष अर्थात् बालिग उमेरको भएपछि स्थानान्तरण हुन्छन् ।

स्कुल डिस्ट्रिक्टले तपाईं र तपाईंको बच्चालाई अधिकारहरूको स्थानान्तरणका बारेमा सूचित गर्नेछ ।

यदि राज्यको कानुनअनुसार अधिकारहरू समाप्त नगरिएको वा अर्को पक्षलाई नसुम्पिएको योग्य बच्चालाई अदालतले आफ्नो शैक्षिक कार्यक्रमको सम्बन्धमा सुसूचित सहमति उपलब्ध गराउने सक्षम ***नभएको*** भनेर निर्धारण गरेमा स्कुल डिस्ट्रिक्टले IDEA को भाग B अन्तर्गत बच्चाको योग्यता अवधिभरि बच्चाका शैक्षिक हितहरूको प्रतिनिधित्व गर्नका लागि अभिभावकलाई वा अभिभावक उपलब्ध नभएको खण्डमा सरोगेट अभिभावकलाई तोक्नेछ ।

## संक्षिप्त शब्द र परिभाषाहरू

**ARSD –** साउथ डकोटाका प्रशासनिक नियमहरू जसलाई साउथ डकोटाको लेजिस्लेचर लेजिस्लेटिभ रिसर्च काउन्सिलको वेबसाइट: http://sdlegislature.gov/Rules/DisplayRule.aspx?Rule=24:05 मा भेटाउन सकिन्छ ।

**व्यवहारजन्य सहयोग योजना –** वा व्यवहार सहायता योजना भनेको सकारात्मक रूपमा चाहेका व्यवहारहरूलाई हौसला दिएर प्रतिस्थापन सीपहरू सिकाउने र परिणामहरूलाई व्यवस्थित गर्ने योजना हो ।

**अपाङ्गता भएको बच्चा –** अपाङ्गता भएको बच्चा भनेको बौद्धिक अपाङ्गता, श्रवणसम्बन्धी कमजोरी (बहिरोपनासहित), बोली वा भाषासम्बन्धी कमजोरी, दृष्टिसम्बन्धी कमजोरी (अन्धोपनसहित), गम्भीर भावनात्मक गडबडी (यस भागमा "भावनात्मक गडबडी" को रूपमा जनाइएको), हड्डीसम्बन्धी कमजोरी, अटिजम, ट्रमाटिक मस्तिष्क चोटपटक, अन्य स्वास्थ्य कमजोरी, सिकाइसम्बन्धी विशेष अपाङ्गता, बहिरा-अन्धोपन वा बहु अपाङ्गताहरू भएको भनेर §300.304 देखि 300.311 सम्मका व्यवस्थाहरूअनुसार मूल्याङ्कन गरिएको र माथिको कारणले गर्दा विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू आवश्यक पर्ने बच्चा हो ।

**CFR –** सङ्घीय नियमहरूसम्बन्धी संहिता

**सहमति –** सुसूचित सहमतिले सहमति अनुरोध गरिएको क्रियाकलापको सम्बन्धमा तपाईंलाई सबै जानकारीका बारेमा पूर्ण रूपमा सूचित गरिएको कुरालाई जनाउँछ ।

**दिन –** भनेको अन्य तरिकामा कार्यालय दिन वा स्कुल दिनको रूपमा उल्लेख नगरिएको भएमा क्यालेन्डर दिन हो ।

**उचित प्रक्रिया –** भनेको व्यक्तिका अधिकारहरूलाई संरक्षण गर्ने प्रक्रियाहरूलाई जनाउने शब्द हो । विशेष शिक्षामा उचित प्रक्रिया उपलब्ध गराउने कुराले आवश्यक पर्ने प्रक्रियागत सुरक्षाहरू पालना गरिएको छ भनेर जनाउनुका साथसाथै प्रशासनिक सुनुवाइ प्रक्रिया (अर्थात् 'उचित प्रक्रिया उजुरी' र '**उचित प्रक्रिया सुनुवाइ**') लाई वर्णन गर्छ ।

**पारिवारिक शिक्षा अधिकार तथा गोपनीयता ऐन (Family Education Rights and Privacy Act, FERPA) -** विद्यार्थीको शैक्षिक रेकर्डहरूको गोपनीयता सुरक्षित राख्ने सङ्घीय कानुन हो ।

**नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (Free Appropriate Public Education, FAPE) –** 'नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा' वा 'FAPE' शब्दावलीले विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूलाई जनाउँछ: जसलाई सार्वजनिक सुपरिवेक्षण तथा निर्देशनमा बिना कुनै शुल्क उपलब्ध गराइन्छ; जसले ***राज्य शैक्षिक एजेन्सी (SEA)*** का मापदण्डहरू पूरा गर्छ; जसले संलग्न राज्यमा उपयुक्त प्रिस्कुल, प्राथमिक तह वा माध्यमिक तहको स्कुली शिक्षालाई समावेश गर्छ; र जसलाई व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP) अनुरूप हुनेगरी उपलब्ध गराइन्छ ।

**कार्यात्मक व्यवहार मूल्याङ्कन (Functional Behavioral Assessment, FBA) –** प्रभावकारी व्यवहारजन्य सहयोग योजना तयार गर्नका निम्ति व्यवहारको कार्य (प्रयोजन) बुझ्नका लागि जानकारी सङ्कलन गर्ने प्रक्रिया ।

**स्वतन्त्र शैक्षिक मूल्याङ्कन** - यदि तपाईं स्कुल डिस्ट्रिक्टद्वारा प्राप्त गरिएको मूल्याङ्कनसँग सहमत हुनुहुन्न भने तपाईंसँग सार्वजनिक खर्चमा आफ्नो बच्चाको ***IEE*** गराउने अधिकार हुन्छ ।

**व्यक्तिकृत शिक्षा योजना (Individual Education Plan, IEP) –** अभिभावकहरूले वार्षिक रूपमा कम्तीमा पनि एकपटक स्कुलका कर्मचारीहरूसँग मिलेर तयार गर्ने कागजात जसमा अपाङ्गता भएको बच्चालाई उपलब्ध गराइने सेवाहरूको विवरण हुन्छ ।

**IEP टोली –** अपाङ्गता भएको बच्चाको पहिचान, मूल्याङ्कन, स्थापन र नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षाको सम्बन्धमा निर्णयहरू लिने र बच्चाका IEP हरू निर्माण, समीक्षा र संशोधन गर्ने व्यक्तिहरूको समूह ।

**अन्तरिम वैकल्पिक शिक्षा वातावरण (Interim Alternative Educational Setting, IAES) –** बच्चाको IEP मा माग गरिएकोभन्दा भिन्न स्थापन जसमा बच्चाले अनिवार्य रूपमा सामान्य शिक्षा पाठयक्रममा पहुँच बनाइराख्न र सेवाहरू प्राप्त गर्न जारी राख्छन् जसले गर्दा बच्चा आफ्नो वार्षिक IEP लक्ष्यहरू पूरा गर्नेतर्फ अगाडि बढ्न पाउँछन् । अनुशासनात्मक कार्यवाही गरिएका स्थितिहरूमा बच्चालाई अन्तरिम वैकल्पिक शिक्षा वातावरण राखिन्छ ।

**स्थानीय शिक्षा एजेन्सी (Local Education Agency, LEA) –** क्षेत्रीय आधारमा नि:शुल्क सार्वजनिक शिक्षा उपलब्ध गराउने उद्देश्यका साथ राज्यको कानुनअनुसार स्थापित विभागमा सुपरिवेक्षणमा रहने स्कुल डिस्ट्रिक्ट वा अन्य सार्वजनिक निकाय जसले साउथ डकोटा राज्यभित्र अपाङ्गता भएमा बालबालिकालाई विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू पनि उपलब्ध गराउँछ ।

**भाग B -** 3-21 वर्ष उमेरका अपाङ्गता भएका बालबालिकालाई उपलब्ध गराइने सेवाहरूमा लागू हुने IDEA को भाग ।

**भाग C -** जन्मदेखि 3 वर्षसम्मका बालबालिकालाई उपलब्ध गराइने सेवाहरूमा लागू हुने IDEA को भाग ।

**व्यक्तिगत रूपमा पहिचान खुल्ने जानकारी (Personally Identifiable Information, PII) –** भनेको निश्चित व्यक्तिको पहिचान खुलाउन सक्ने सम्भावना भएको कुनै पनि डाटा वा तथ्याङ्क हो ।

**सम्बन्धित सेवाहरू –** विशेष शिक्षाबाट लाभ लिनका लागि अपाङ्गता भएको बच्चालाई सहयोग गर्न आवश्यक पर्ने यातायात तथा विकासजन्य, सुधारात्मक र अन्य सहयोगी सेवाहरू ।

**स्कुल दिन –** शैक्षणिक प्रयोजनहरूका लागि स्कुलमा बालबालिका उपस्थित रहने आंशिक दिनसहित कुनै पनि दिन । स्कुल दिनको अपाङ्गता भएका तथा नभएका बालबालिकालगायत स्कुलमा सबै बालबालिकाका लागि समान अर्थ हुन्छ ।

**SDCL –** साउथ डकोटाका संहिताकृत कानुनहरू

**SEA –** राज्य शैक्षिक एजेन्सी: सार्वजनिक प्राथमिक र माध्यमिक स्कुलहरूको राज्यस्तरीय सुपरिवेक्षणका लागि मुख्य रूपमा जिम्मेवार राज्यको शिक्षा बोर्ड वा अन्य एजेन्सी वा अधिकारी ।

**विशेष शिक्षा –** विशेष शिक्षा – अपाङ्गता भएको बच्चाका विशिष्ट आवश्यकताहरू पूरा गर्नका लागि अभिभावकहरूलाई कुनै पनि खर्च नलाग्नेगरी विशेष रूपमा तयार गरिएको शिक्षण र यसमा कक्षाकोठा, घर, अस्पताल तथा संस्थाका साथै अन्य वातावरणहरूमा सञ्चालन गरिने शिक्षा र शारीरिक शिक्षामा शिक्षण लगायतका पर्दछन् । विशेष शिक्षामा निम्न पनि पर्दछन्: यदि राज्यका मापदण्डहरूअन्तर्गत सेवालाई सम्बन्धित सेवाको सट्टामा विशेष शिक्षा मानिन्छ भने स्पीच-ल्याङ्ग्वेज प्याथोलोजी सेवाहरू वा अन्य कुनै पनि सम्बन्धित सेवा; यात्रा प्रशिक्षण; र व्यावसायिक शिक्षा ।

**ट्रान्जिसन सेवाहरू -** अपाङ्गता भएको बच्चाका लागि क्रियाकलापहरूको समन्वय गरिएको सेट हो (1) जजसलाई नतिजामुखी प्रक्रियाभित्र पर्नेगरी नर्माण गरिएको हुन्छ जुन अपाङ्गता भएको बच्चा स्कुलबाट माध्यमिक तहपछिको शिक्षा, व्यावसायिक शिक्षा, एकिकृत रोजगार (सहयोग उपलब्ध गराइने रोजगारसहित), वयस्क शिक्षा, वयस्क सेवाहरू, आत्मनिर्भर जीवनयापन वा सामुदायिक सहभागिता लगायतका स्कुल तह पछिका क्रियाकलापहरूमा जाँदा सहजीकरण गर्नका लागि अपाङ्गता भएको बच्चाको शैक्षिक तथा कार्यात्मक उपलब्धि सुधार गर्नमा केन्द्रित हुन्छ; 2) जो बच्चाका सबल पक्ष, प्राथमिकता तथा रुचिहरूलाई ध्यानमा राखेर प्रत्येक बच्चाका आवश्यकताहरूमा आधारित हुन्छ र यसमा निम्न पर्दछन्: शिक्षण; सम्बन्धित सेवाहरू; सामुदायिक अनुभवहरू; रोजगारी तथा स्कुल तह पछिको वयस्क जीवन उद्देश्यहरूको विकास; र उपयुक्त भएमा दैनिक जीवनका सीपहरूको प्राप्ति र कार्यात्मक व्यावसायिक मूल्याङ्कनको प्रावधान ।